का.जि.प्र.का.द.नं. १००/०५९/६०
वर्ष १९, अंक २६३
१ मंसिर २०७८, बुधबार
17 November 2021, Wednesday
www.madhyanhadaily.com
पृष्ठ १२ मूल्य रु. ५/-

# मध्यान्ह
Madhyanha National Daily
राष्ट्रिय दैनिक

ई-पत्रिका अनलाइन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला।

# गठबन्धनको नरम निर्णय

प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबरालाई मन्त्रिपरिषद्मै कोटा दिएका सत्ता साझेदार दलहरुको बैठकमा सर्वोच्च अदालतको संकटबारे छलफल भएको छ । तर 'सम्बन्धित सबैबाट छिटो निकाय दिने दिशामा पहलको आशा' गर्ने भन्ने नरम भाषा प्रयोग गर्दै अदालतबारे तत्काल केही नगर्ने संकेत समेत दिइएको छ ।



**मुक्ति रेग्मी/मध्यान्ह**
काठमाडौं, ३० कात्तिक ।

सत्तारुढ गठबन्धनका नेताहरुले सर्वोच्च अदालतको संकटबारे छलफल थालेका छन् । मंगलबार बसेको राजनीतिक समन्वय समितिको बैठकमा नेपाली काँग्रेसका बरिष्ठ नेता रामचन्द्र पौडेलले सर्वोच्च अदालतको विषय छलफलको एजेण्डा बनाएका हुन् । सर्वोच्चको संकटबारे पौडेलले विषय प्रवेश गरे पनि कुनै ठोस् निर्णय भने हुन सकेन ।

नरम भाषामा सर्वोच्चको संकटबारे बोल्दै बैठक सकिएको छ । सर्वोच्चको संकटबारे प्रधानमन्त्री एवम् काँग्रेस सभापति शेरबहादुर देउवाले नै नरम भाषाको प्रस्ताव राखेका थिए । बैठकपछि सर्वोच्च अदालतमा देखिएको समस्या तत्काल दिन आग्रह र पहल गर्ने निर्णय भएको नेताहरुले बताए ।

"राज्यका महत्वपूर्ण अंग न्यायापालिकाको स्वतन्त्रता, गरिमा, विश्वासनीयता र स्वच्छतालाई कायम राख्ने गरी यथाशिघ्र निकास दिनुपर्छ भन्ने हाम्रो धाराणा छ" बैठकले निर्णय गरेको छ । बैठकले सम्बन्धित सबैबाट छिटो निकाय दिने दिशामा पहलको आशा समेत गरेको छ ।

बैठकमा छलफलको विषय बनाइए पनि नेताहरु भने पञ्छिन खोजेका थिए । बैठक स्रोतका अनुसार प्रधानमन्त्री देउवाले अदालतको बारेमा कुरै गर्न नहुने बताएका थिए । तर पौडेलले ल्याएका प्रस्तावमा संयन्त्रका अन्य नेताहरुले पञ्छिन नमिल्ने अडान लिएपछि नरम भाषामा निकासको आशा गर्ने भन्नेमा टुंगियो । नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले यो विषय अप्ठ्यारो रहेको बताए । तर पहलकदमी बढाउनेबारे भने प्रष्ट बोलेनन् । एक नेताका अनुसार, नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल सर्वोच्च अदालतको विषयमा बोलेनन् ।

अन्य नेताहरुले अदालतको विषयमा साझा धारणा नबनाए अन्य शक्तिले खेल्ने भएकाले 'तत्काल निकास दिने' गरी धारणा बनाउनुपर्ने बताएका थिए । तर प्रधानमन्त्री देउवाले भने तत्काल निकास दिने भन्नेमा सहमत हुन सकेनन् । अतः यथाशिघ्र साझा धारणा बनाउने भनेर बैठक सकियो ।

अर्थात्, प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबरालाई मन्त्रीकै कोटा दिने सत्ता साझेदार दलका नेताहरु सर्वोच्चको संकटलाई निकास दिनेगरी अगाडि नबढ्ने संकेत दिएका छन् । गएको २२ असोजमा प्रधानन्यायाधीश जबराको कोटामा गैरसांसद गजेन्द्रबहादुर हमाललाई प्रधानमन्त्री देउवाले उद्योग मन्त्री नियुक्त गरेका थिए । प्रधानन्यायाधीश जबराका नातेदार हमाललाई मन्त्री

बाँकी पृष्ठ २ मा

## चार न्यायाधीश कामामा फर्किए

काठमाडौं/मस- सर्वोच्च अदालतका चार न्यायाधीश काममा फर्किएका छन् । सर्वोच्चका अन्य न्यायाधीशहरुबाट अलग हुँदै न्यायाधीशहरु तेजबहादुर केसी, बमकुमार श्रेष्ठ, कुमार रेग्मी र मनोजकुमार शर्मा इजलासमा फर्किएका हुन् ।

प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराको राजीनामाको माग सहित न्यायाधीशहरुले इजलास बहिष्कार गर्दै आएका छन् । मंगलबार देखि काममा फर्किएका न्यायाधीशहरु पनि सर्वोच्चका अन्य न्यायाधीशहरु सँगै इजलासमा बसेका थिएनन् । तर गोलाप्रथाबाट इजलासमा फर्कन राखेको प्रस्तावमा अन्य न्यायाधीशहरु सहमत नभएको भन्दै चार न्यायाधीश काममा फर्किएका हुन् ।

तर अरु न्यायाधीशहरुले बन्दी प्रत्यक्षीकरणको मुद्दामा भने सुनुवाई गर्दै आएका थिए। चार न्यायाधीशले भने प्रधानन्यायाधीश जबराले तोकेको इजलासमा सुनुवाई गर्न थालेका छन् । सर्वोच्चका १३ न्यायाधीश भने इजलासमा फर्किएका छैनन् । प्रधानन्यायाधीश जबराले राजीनामा नगरेसम्म काममा सुनुवाई नगर्ने न्यायाधीशहरुको अडान कायमै छ ।

प्रधानन्यायाधीशज जबराले सर्वोच्च अदालतको गरिमा र विश्वास जोगाउन नसक्ने भएकाले राजीनामा गर्नुपर्ने अडानमा १३ न्यायाधीश छन् । चार न्यायाधीश काममा फर्किए पनि सर्वोच्च अदालत परिसरमा नेपाल बार एशोसिएशनको आन्दोलन झनै चर्किएको छ । १४ कात्तिक देखि आन्दोलनरत बारले शुक्रबार देखि प्रधानन्यायाधीश जबरालाई अदालत प्रवेशमै अवरोध गर्दै आएको छ । बारले मूल गेटबाट प्रवेशमा रोक लगाए पछि प्रधानन्यायाधीश जबरा वैकल्पिक बाटो भएर अदालत प्रवेश गर्ने गरेका छन् ।

बारले आज देखि थप आन्दोलन चर्काउने चेतावनी दिएको छ। बारका महासचिव लिलामणि

बाँकी पृष्ठ २ मा

# असन्तुष्ट फकाउन पदाधिकारी बढाउने



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ३० कात्तिक ।

नेपाली काँग्रेसको महाधिवेशन नजिकिएसँगै नेतृत्व हत्याउने खेल पनि सघन बनेको छ। सभापति शेरबहादुर देउवाले फेरि नेतृत्वमा दोहोरिने चाहना गरेपछि उपसभापति विमलेन्द्र निधिले अर्को समूह बनाउने तयारी गरिरहेका छन् । निधिले पनि यसपटक नेतृत्वको दावी गरेका छन् ।

तर सभापति देउवाले भने निधिलाई अर्कोपटक सभापति बन्न आग्रह गरेका छन् । निधिले भने अर्कोपटक युवा नेताहरुले समेत दावी गर्ने भएकाले यसैपटक उम्मेद्वारी दिने अडान लिएका छन् । संस्थापन इतर समूहमा पनि नेतृत्वको दावी गर्ने नेताहरुबीच कुरा मिल्न सकेको छैन ।

> आकांक्षी नेताहरुको व्यवस्थापन गरी बलियो टीम बनाउन नेपाली काँग्रेसभा सभापति शेरबहादुर देउवा सहित अन्य नेताहरु पनि पदाधिकारी संख्या बढाउन सहमत देखिन्छन् ।

बरिष्ठ नेता रामचन्द्र पौडेललाई संस्थापन इतरको साझा उम्मेद्वार बनाउन आग्रह गरिरहेका छन् । तर पूर्वमहामन्त्री प्रकाशमान सिंहले उम्मेद्वारी दिने अडानबाट पछि नहट्ने बताएका छन् । पौडेलसँग सिंह टाढिइसकेका छन्। १३औंमहाधिवेशनमा पौडेललाई छोडेपनि यसपटक नछोड्ने अडानमा सिंह छन् । उनले '१२ औं महाधिवेशनको निर्वाचित महामन्त्री भएपनि मनोनित उपसभापति पौडेललाई नेता' मानेको तर्क गर्दै आएका छन् ।

महामन्त्री शशांक कोइराला र केन्द्रीय सदस्य शेखर कोइरालाले पनि यसपटक नेतृत्व नछोड्ने अडानमा

बाँकी पृष्ठ २ मा

# रोष्टरमा रहेका ४२५ जनालाई पनि इजरायल लान श्रममन्त्रीको आग्रह

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३० कात्तिक

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठ (किसान)ले योग्यता प्रणाली अनुरूप रोष्टरमा रहेका बाँकी ४ सय २५ जनालाई समेत इजरायल लैजान आग्रह गरेका छन् । मंगलबार मन्त्रालयमा नेपालका लागि इजरायली राजदूत हनान गोदरसँग शिष्टाचार भेट गर्दै श्रममन्त्री श्रेष्ठले उक्त आग्रह गरेका हुन् ।

छलफलका क्रममा मन्त्री श्रेष्ठले सन् २०२० मा दुई देशबीच भएको श्रम सम्झौता अनुसार इजरायलको दीर्घकालिन सेवा केन्द्रमा नेपाली सहायक कामदार लैजान लागेकोमा इजरायली सरकारप्रति आभार व्यक्त गर्दै योग्यता प्रणाली अनुरूप रोष्टरमा रहेका बाँकी ४ सय २५ जनालाई समेत रोजगारीको पहल गर्न आग्रह गरे । इजरायलले १ हजार १ सय ७५ जनालाई रोजगारी प्रदान गर्ने प्रक्रियालाई अन्तिम रूप दिँदै छ ।

मन्त्री श्रेष्ठले पुर्वाधार विकाससँगै इजरायलले गरेको कृषि क्रान्ति अनुकरणीय रहेको बताउँदै मन्त्री श्रेष्ठले इजरायल गएर कृषि क्षेत्रमा काम गरी आएका नेपालीले नेपालको कृषि क्षेत्रमा व्यावसायिक कृषि कार्य गरिरहेको बताए । श्रममन्त्री श्रेष्ठले नेपाली नागरिकले इजरायलको कृषि क्षेत्रमा आर्जन गरेको प्रविधिगत ज्ञान, सीप र अनुभवले नेपालमा कृषि क्षेत्रको आधुनिकीकरण र व्यवसायीकरणमा सहयोग पुऱ्याएको समेत धारणा राखेको मन्त्रीको निजी सचिवालयले जानकारी दिएको छ ।

राजदूत गोदरले भविष्यमा अन्य पेशागत क्षेत्रमासमेत नेपालीलाई रोजगारीको अवसर प्रदान गर्न इजरायल सकारात्मक रहेको बताएका छन् । इजरायल नेपाली कामदारहरुको लागि आकर्षक गन्तव्य मुलुकको रुपमा रहँदै आएको छ । अहिले करिब १२ हजार नेपाली कामदार इजरायलमा कार्यरत छन् । नेपाल र इजरायलबीच सन् १९६० मा कुटनीतिक सम्बन्ध स्थापना भएको हो ।

यसैबीच आउँदो मंसिर ८ गते ८३ जना नेपाली कामदार दक्षिण कोरिया उड्ने भएका छन् । वैदेशिक रोजगार विभाग अन्तर्गत इपीएस

बाँकी पृष्ठ २ मा



## वैदेशिक रोजगार विशेष

### यूएईद्वारा श्रम कानूनमा सुधार

**सुरेन भुजेल/मध्यान्ह**
यूएई, ३० कात्तिक

यूएईले आफ्नो श्रम कानूनमा सुधारको निर्णय गरेको छ। खालिज टाइम्सका अनुसार श्रम कानून सुधार अन्तर्गत कुनै श्रमिकले मुद्दा लड्नुपर्ने भएमा त्यसमा शुल्क लाग्ने छैन । संशोधित नयाँ कानून अनुसार निःशुल्क मुद्दा लड्न पाउने व्यवस्थादेखि यौन दुर्व्यवहारबाट संरक्षणसम्मका व्यवस्थाहरु समेटिएको छ ।

त्यस्तै नयाँ कानून अनुसार जबर्जस्ती काममा लगाउँदा नगरेमा त्यसबापत कुनै जरिवाना पनि रोजगारदाताले गर्न पाउने छैनन् । कुनै पनि सहकर्मी वा श्रमिकलाई यौन दुर्व्यवहार, जिस्क्याउने, शारिरीक तथा मानसिक हिंसा गर्न पनि नयाँ कानूनले बन्देज लगाएको छ । कुनै पनि जात, वर्ण, रंग, लिङ्ग, धर्म, राष्ट्रियता आदिका आधारमा भेदभाव गर्न नपाइने व्यवस्था पनि कानूनमा गरिएको छ ।

# तयारी तीव्र

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ३० कात्तिक ।

प्रमुख विपक्षी दल नेकपा एमालेले चितवनमा हुने महाधिवेशनको तयारीलाई तीव्र बनाएको छ । महाधिवेशन प्रतिनिधि चयन टुंग्याउँदै महाधिवेशनलाई निश्चित गरेको एमालेले १०औं महाधिवेशनको प्राविधिक तयारीलाई पनि तीव्र बनाएको छ ।

एमालेले पाँच लाख मानिस प्रदर्शनमा उतार्ने तयारी गरेको छ । १५ सदस्यीय पदाधिकारी सहित २२५ सदस्यीय केन्द्रीय कमिटी सदस्य महाधिवेशनले चयन गर्दैछ । गएको २८ साउनमा सरकारको नेतृत्व गुमाएको एमालेले यो महाधिवेशनलाई शक्ति प्रदर्शनको महाधिवेशनका रुपमा समेत गर्न लागेको छ ।

त्यसैले महाधिवेशनको प्राविधिक पक्षलाई पनि विशेष चासो देखिएको देखिन्छ । एमाले चितवन शाखाले मात्रै उद्घाटन सत्रमा एक लाख भन्दा बढी जनता सहभागी गराउने गरी तयारी गरिरहेको छ । जिल्लाका ९८ वटा वडा तहबाटै महाधिवेशन उद्घाटन सत्रमा एक लाख मानिससहभागी गराउनका लागि विभिन्न प्रचार र तयारीका कार्यक्रम

बाँकी पृष्ठ २ मा

## VACANCY ANNOUNCEMENT

We, one of fast growing employment located in Kathmandu are looking following staff to build a good team.

| Sn | Profession | Quota | Education | EXPERIENCE |
|---|---|---|---|---|
| 1 | Office Secretary | 1 Female | Bachelor /+2 | 2 YEARS & Expert in Typing |
| 2 | Office Manager | 1 M/F | Bachelor Complete | 2 YEARS |
| 3 | PRO | 2 M/F | | 2 YEARS |
| 4 | Documentation | 2M/F | Bachelor Complete | 2 YEARS |

NOTE: Candidates with Saudi working experience will be given the first priority.

Gov. Lic. No. 1329/074/75
AL SHAHID OVERSEAS PVT. LTD.
Banshidhar Marg-04,Chandol, Ktm., Nepal,
Tel: 4414440, 4443434
E-mail: alshahidnepal@gmail.com, info@alshahidnepal.com

## कर्मचारी आवश्यकता

यस म्यानपावर कार्यालयको लागि निम्न लिखितकर्मचारी आवश्यक भएको हुँदा ईच्छुक व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्र सहित तुरुन्त सम्पर्क गर्नुहोला ।

Vacancy

एकाउन्टेन्ट- २ जना (पुरुष/महिला)
योग्यता: Minimum Bachelors Passed, अनुभव नभएका Candidates हरुलाई पनि विषेश प्राथमिकता दिईनेछ ।

डकुमेन्टेशन अफिसर- २ जना (महिला)
योग्यता: Minimum +2 Passed, कम्प्युटर, ईमेल ईन्टरनेटमा दक्ष भएका अनुभवी Candidates हरुलाई विषेश प्राथमिकता दिईनेछ ।

रिसेप्सनिस्ट- २ जना (महिला)
योग्यता: Minimum +2 Passed, कम्प्युटर, ईमेल ईन्टरनेटमा अंग्रेजी बोल्न सक्ने र अनुभवी नभएकाहरुलाई पनि प्राथमिकता दिईनेछ ।

नोट: अन्तरवार्ता २०७८ मंसिर ५ गते आईतवार हुनेछ ।

श्रम इजाजत नं. १२२३/०७४/०७५
मिराकल म्यानपावर प्रा. लि.
पो.ब.नं.: ५७२, सामाखुशी-२६, काठमाडौं
फोन: ४९५१००३, ९८०२०२२३३१
Email: manpowermiracle@gmail.com

## ROMANIA मा रोजगारको अवसर

कम्पनी : FIDE G.T.I.E. GROUP SRL
शहर: ROMANIA
पूर्व स्वीकृत मिति: २०७८/०७/२९
चलानी नं.: ६०१६७७२३
L.T. No.: 249228

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब USD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 55 | 10 | सम्बन्धित काममा दक्ष | 550 | ६५,३८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cleaners In A Hotels | 0 | 8 | | 550 | ६५,३८४ | | | | | | | |
| 3. | Chef | 5 | 0 | | 700 | ८३,२१६ | | | | | | | |
| 4. | Skilled Workers For Fishing Nets | 2 | 2 | | 600 | ७१,३२८ | | | | | | | |
| 5. | Mechanic - Maintenance, Manufacturing Fishing Nets | 3 | 0 | | 700 | ८३,२१६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर ८ गते (24 November 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. ४०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Gurung Magar Services Pvt. Ltd.
G.P.O. Box: 8975, E.P.C. 2635,Basundhara-5, Kathmandu, Nepal,
श्रम इजाजत पत्र नं. ८५१/०६६/०६७
Tel: +977-15903411, +977-15903412, 9851002414
9849886526, 9841896927, 9851003256, 9813322285, 9849832175
Regards Email: gmservicesnepal@gmail.com
Website: www.gurungmagarservices.com

स्वास्थ्य बीमा कार्यक्रम

# निजी अस्पतालको मनोमानी सस्तो उपचारको महंगो भुक्तानी

दिवश ढकाल/मध्यान्ह
काठमाडौं, ३० कात्तिक

सबै नागरिकको स्वास्थ्य सेवामा पहुँच पुगोस् भनेर सरकारले लागू गरेको स्वास्थ्य बीमा कार्यक्रममा निजी अस्पतालहरुले मनोमानी गर्ने गरेका छन् । विपन्न नागरिकको स्वास्थ्य बीमाबाट निजी अस्पतालले आफूखुशी रकम काट्ने गरेको पाइएको हो । स्वास्थ्य बीमा कार्यक्रमबाट औषधि खाने धेरैले बीमाको रकमभन्दा धेरै कम मूल्यका औषधि खाने गरेको, तर औषधि बिक्रेताले बीमाकै दररेट अनुसार बीमा बोर्डबाट भुक्तानी लिइरहेको औषधि विक्रेताहरूले बताउने गरेका छन् ।

स्वास्थ्य बीमा कार्यक्रममा समावेश भएका अधिकांश दीर्घरोगीहरू रहेका बीमा बोर्डका अधिकारीहरू बताउँछन् । खासगरी उमेर ढल्किँदै जाँदा लाग्ने मधुमेह, रक्तचाप तथा थाइराइड ग्रन्थीका दीर्घरोग भएका बिरामीहरू बीमा कार्यक्रममा समावेश भएका उनीहरूको भनाइ छ ।

फार्मेसी सञ्चालकहरू बीमाले दिने रकम थोरै तर आफूले खरिद गर्ने गरेको मूल्य धेरै रहेका औषधिहरू पनि रहेको बताउँछन् । तर औषधिका थोक विक्रेताहरूका अनुसार त्यस्ता औषधि पनि धेरै मात्रामा खरिद गर्दा कम्पनीहरूले सहुलियत मूल्यमै उपलब्ध गराउने गरेका छन् ।

स्वास्थ्य बीमा बोर्डले गत २०७४ सालमा बीमामा समावेश गरिएका औषधिको दर कायम गरेको थियो । अहिलेसम्म पनि त्यही दरमा बीमाको औषधि वितरण गर्ने फार्मेसीलाई औषधिको भुक्तानी दिने गरेको बोर्डले जनाएको छ । तर औषधिका विक्रेताका अनुसार २०७४ सालदेखि हालसम्म धेरै पटक औषधिका मूल्य परिवर्तन भइसकेका छन् । औषधिको दर कायम भएको चार वर्ष बितिसकेको छ, दर परिमार्जन गर्ने बेला भएतापनि कसैको यस विषयमा चासो जान सकेको छैन् ।

अहिले सबै औषधिको मूल्य निर्धारण भएको छैन, त्यस अवस्थामा औषधिको मूल्य कन्ट्री अफ ओरिजिनको आधारमा हुने गरेको छ । त्यो भनेको त्यहाँको एमआरपी भन्दा नबढ्ने गरी मूल्य निर्धारण गर्न पाइन्छ । अर्को कुरा आयात गर्न अनुमति दिनु अघि विभागले विदेशका कम्पनीहरुको समेत अनुगमन निरीक्षण गरेर स्वीकृति प्रदान गर्ने व्यवस्था रहेको औषधि आयातकर्ता संघका महासचिव पवन आचार्यले बताए ।स्वास्थ्य बीमा बोर्डले ११ सय भन्दा बढी प्रकारका औषधि सेवाग्राहीलाई उपलब्ध गराउँदै आएको छ ।




औषधि व्यवस्था विभागले एउटा दर भएको औषधिको बढी मूल्य भुक्तानी लिनु नियमविपरीत भएको बताइरहेको छ । बीमा बोर्डबाट अहिलेसम्म उक्त विषयमा कुनै अनुगमन नभएको कारण बीमाको औषधि बिक्रीमा मनोमानी बढेको सर्वसाधारण बताउँछन् ।

स्वास्थ्य मन्त्रालयको कात्तिक ११ गते बिहीबार बसेको लेखा शाखा/समितिको बैठकले पनि बीमाको औषधि विक्रीमा सेवाग्राहीलाई कम मूल्यको औषधि दिने तर बीमाबाट बढी मूल्य लिने गरेको बिषयलाई जोडका साथ उठाइएको थियो ।

सोही दिन स्वास्थ्य मन्त्रालयमा भएको स्वास्थ्य पत्रकारहरुसँगको साक्षात्कार कार्यक्रममा स्वास्थ्य मन्त्री बिरोध खतिवडाले पनि निजी अस्पतालले स्वास्थ्य बीमाको नाममा मनोमानी ढंगले रकम माग गरेकोप्रति आफ्नो गम्भीर ध्यानाकर्षण भएको बताएका थिए ।

निजी अस्पतालले बीमामा सरकारलाई नै गरिरहेको ठगी धन्दाको बारे मन्त्रालयलाई जानकारी भएता पनि केही गर्न सकिरहेको छैन् । स्वास्थ्य बीमाको अनुगमनका लागि स्वास्थ्य बीमा बोर्ड स्वायत्त निकाय भएतापनि मन्त्रालयलाई सबै जानकारी आइसक्दा पनि कुनै किसिमको कारवाही अगाडि बढाउन सकेको छैन् । स्वास्थ्य बीमा बोर्ड नियमावली २०७५ को परिच्छेद ७ को दफा ३० अनुसार बोर्डले नै उपसमिति बनाएर बीमाको औषधि विक्रीसम्बन्धी सेवाको अनुगमन गर्ने व्यवस्था छ ।

४ अर्ब भन्दा बढी भुक्तानी दिन बाँकी

सरकारले समयमा स्वास्थ्य बीमाको रकम उपलब्ध नगराउँदा देशका विभिन्न अस्पतालको स्वास्थ्य बीमा कार्यक्रम नै प्रभावित समेत भएको छ । सरकारी अस्पतालले उधारोमा औषधि ल्याएर बिरामीलाई वितरण गरिरहेका छन् । निजी अस्पतालले पनि उपचार गराएबापतको करोडौं रुपैयाँ नपाएको गुनासो गरेका छन् ।

राजधानीकै ठूला-ठूला सरकारी र निजी अस्पताललाई स्वास्थ्य बीमाको करोडौं रकम भूक्तानी गर्न बाँकी रहेको स्वास्थ्य मन्त्रालय आफैंले बताइरहेको छ ।

सरकारले सर्वसाधारणलाई स्वास्थ्य बिमा गराएर २०७२ चैतदेखि एक लाख रुपैयाँ बराबरको औषधि र उपचार खर्च निःशुल्क गराउँदै आएको छ । सरकारले समयमानै अस्पतालहरुलाई रकम भुक्तानी नगर्दा अस्पतालहरु आर्थिक रुपमा संकटमा पर्न थालेका छन् ।

देशभर निजी र सरकारी गरि ४३० वटा अस्पताल स्वास्थ्य संस्थामा स्वास्थ्य बीचमा कार्यक्रम लागु गरिएको छ । २०७२ सालमा कैलालीबाट शुरु भएको स्वास्थ्य बीमा कार्यक्रम हाल देशभरका ७५ जिल्लामा लागू भइसकेको छ भने काठमाडौं र भक्तपुरमा पनि छिट्टै लागू हुने बोर्डले जनाएको छ ।

स्वास्थ्य बीमा बापतको रकम अस्पतालहरुलाई समयमा नै भुक्तानी गर्न नसक्नुको मुख्य कारण बीमा बोर्डमा जनशक्ति अभाव रहेको स्वास्थ्य बीमा बोर्डका कार्यकारी निर्देशक दामोदर बसौलाले जानकारी दिए ।

स्वास्थ्य बीमा कार्यक्रम लागु भएको २०७२ सालदेखि हालसम्म बीचमा कार्यक्रम लागु भएको ४३० वटै अस्पतालमा बीमांक रकम भुक्तानी गर्न बाँकी रहेको स्वास्थ्य बीमा वोर्डका कार्यकारी निर्देशक बसौलाले जानकारी दिए ।

४ सय ३९ वटै अस्पतालमा गरि हाल ४ अर्ब भन्दा बढी रकम भुक्तानी गर्न बाँकी रहेको उनको भनाइ रहेको छ । सबै भन्दा बढी भुक्तानी दिन मोरङको नोबेल अस्पताललाई बाँकी रहेको छ ।

'पुसदेखि माघ सम्ममा सबै रकम भुक्तानी गर्ने योजनामा रहेका छौं,' निर्देशक बसौलाले भने,' त्यसपछिका दिनमा महिनैपिच्छे प्रत्येक अस्पताललाई बीमाको रकम भुक्तानी गर्ने गरि गृहकार्य गरिरहेको छु ।' काठमाडौंको बाँसवारी स्थित गंगालाल हृदयरोग निवारण केन्द्रले भने सरकारले समयमा नै बीमाको रकम भुक्तानी गरिरहेको बताएको छ । स्वास्थ्य बीमाबापत खर्च भएको रकम सरकारले किस्ता किस्तामा भुक्तानी गरिरहेको अस्पतालका डाइरेक्टर डाक्टर चन्द्रमणी अधिकारीले जानकारी दिए । स्वास्थ्य बीमा बोर्डले समयमा अनुगमन नगर्दा यस्तो विकृति निम्तिएको हो । बीमा बोर्डले उपचार केन्द्र तोकेको छ तर अनुगमन भने गर्दैन् । त्यसले गर्दा पनि यस्तो विकृति निम्तिएको हो ।

# सुदूरपश्चिममा प्रदेशस्तरीय स्वास्थ्य विज्ञान प्रतिष्ठान स्थापना गरिने

हिमेश वि.क/मध्यान्ह
धनगढी, ३१ कात्तिक

सुदूरपश्चिम प्रदेश सरकारले प्रदेशस्तरीय स्वास्थ्य विज्ञान प्रतिष्ठान स्थापनाको प्रक्रिया अघि बढाउने भएको छ ।

हरेक प्रदेशमा एक स्वास्थ्य विज्ञान प्रतिष्ठान स्थापना गर्ने भनेर संघीय सरकारको स्वास्थ्य नीति २०७६ मा उल्लेख छ । सरकारको स्वास्थ्य नीति अनुसार अन्य ६ प्रदेशमा मेडिकल कलेज र स्वास्थ्य विज्ञान प्रतिष्ठान स्थापना गरिएका छन् ।

तर सुदूरपश्चिम प्रदेशमा भने अहिलेसम्म न मेडिकल कलेज सञ्चालनमा आउन सकेको छ न त स्वास्थ्य विज्ञान प्रतिष्ठान नै स्थापना गरिएको छ । यसरी भन्ने हो भने सुदूरपश्चिममा सरकारी लगानीमा अहिलेसम्म स्वास्थ्य क्षेत्रको जनशक्ति उत्पादन गर्ने वातावरण नै बनेको छैन् ।

राष्ट्रिय स्वास्थ्य नीति २०७६ मा 'स्वास्थ्य प्रणालीलाई संघीय संरचनाअनुसार संघ, प्रदेश र स्थानीय तहमा पुनसंरचना, सुधार एवं विकास तथा विस्तार गरिनेछ' भन्ने कुरा उल्लेख छ । यसैगरी ' जनसंख्याको वितरण, भौगोलिक अवस्थिति एवं आवाश्यकताको आधारमा संघ, प्रदेश तथा स्थानीय तहमा अस्पताल तथा स्वास्थ्य संस्थाहरु स्वास्थ्य सेवा तथा जनशक्तिको विकास तथा विस्तार गरिनेछ' भनिएको छ ।

तर सुदूरपश्चिम प्रदेशको करिब २८ लाख जनसंख्याले भने निःशुल्क, सस्तो र भरपर्दो सरकारी स्वास्थ्य सेवा अहिलेसम्म पाएका छैनन्। संघीय सरकारले स्वास्थ्य सेवाको पहुँच विस्तार गर्न नसकेको अवस्थामा सुदूरपश्चिम प्रदेश सरकारले पनि स्वास्थ्य शिक्षा र सेवामा पहुँच विस्तार गर्न सकेको छैन् । तर अन्य प्रदेशहरुले भने आफैंले स्वास्थ्य विज्ञान प्रतिष्ठान सञ्चालनमा ल्याइसकेका छन् ।

प्रदेश २ ले मधेश स्वास्थ्य विज्ञान सञ्चालनमा ल्याएर मेडिकल शिक्षाको विभिन्न चार विधामामा पढाई गर्न विद्यार्थी भर्ना गरिसकेको प्रदेश २ को सामाजिक विकास मन्त्रालयले जनाएको छ ।

मन्त्रालयका सूचना अधिकारी अजित केसरीले मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान स्थापना गरेर पढाइ सुरु हुन गइरहेको बताए । 'प्रदेश सरकारले आफ्नै स्वास्थ्य विज्ञान प्रतिष्ठान स्थापना गरेको छ' उनले भने, 'हामीले जानकपुर अस्पतालमा प्रतिष्ठान स्थापना गरेर विभिन्न चार विषयमा पढाइ गर्न विद्यार्थी भर्ना लिइ सकिएको छ ।'

बागमती प्रदेशमा पनि हेटौडा अस्पताललाई मनमोहन स्वास्थ्य विज्ञान प्रतिष्ठानको रुपमा विकास गरिएको छ। यसैगरी राप्ती अस्पताललाई पनि स्वास्थ्य विज्ञान प्रतिष्ठान बनाइएको छ । विकट जुम्लामा पनि कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान सञ्चालनमा छ ।

सुदूरपश्चिम प्रदेश सरकारले पनि सेती प्रादेशिक अस्पताललाई स्वास्थ्य विज्ञान प्रतिष्ठान बनाउनसक्ने विज्ञहरुले बताएका छन् । सेती प्रादेशिक अस्पताललाई प्रतिष्ठान बनाउन सकिने अस्पतालका प्रमुख मेडिकल सुपरीटेन्डेण्ट डाक्टर हेमराज पाण्डेयले बताए । 'सेती प्रादेशिक अस्पताललाई स्तर वृद्धि गर्न सकिए स्वास्थ्य विज्ञान प्रतिष्ठान बनाउन सकिन्छ', उनले भने, 'अहिले त सरकारी स्वीकृतिको ५० शय्या र अस्पताल विकासको ७५ शय्याबाट सेवा दिनुपरेको छ । सेतीमा स्वास्थ्य विज्ञान प्रतिष्ठान सञ्चालन ल्याउन सकिन्छ ।'

सुदूरपश्चिममा स्वास्थ्य क्षेत्रको जनशक्ति उत्पादन नहुँदा बाहिर गएर महँगोमा पढ्नुपर्ने बाध्यता रहेको छ। यहाँका सेती, महाकाली र टीकापुर अस्पतालसहित जिल्ला अस्पतालमा भौतिक पूर्वाधारको कमी शय्या अभावसँगै स्वास्थ्य जनशक्ति र उपकारणसमेत कम छन् । जसकाकारण सरकारी स्वास्थ्य सेवा पाउनबाट नागरिक बञ्चित छन् ।

तर प्रदेश सरकारले भने केही दिनभित्रै सेती, महाकाली र टीकापुर अस्पताल समेटेर प्रदेश स्वास्थ्य विज्ञान प्रतिष्ठान सञ्चालनमा ल्याउनेगरी तयारी भइरहेको सामाजिक विकास मन्त्री लालबहादुर खड्काले बताए। ' प्रदेश सरकारले आध्यादेश ल्याएर भएपनि स्वास्थ्य विज्ञान प्रतिष्ठान सञ्चालनमा ल्याउने तयारी र समभ्रदारी गरेको छ', उनले भने, 'तुरुन्तै सेती, महाकाली र टीकापुर अस्पताललाई समेटेर प्रदेश स्वास्थ्य अध्ययन प्रतिष्ठान सञ्चालनमा ल्याउछौं ।'

प्रदेश सरकारले स्वास्थ्य विज्ञान प्रतिष्ठान सञ्चालनमा ल्याउन सके स्वास्थ्य क्षेत्रको जनशक्ति उत्पादन गर्न र सहज उपचार पाउन सजिलो हुनेछ । कम लागतमा दक्ष जनशक्ति उत्पादन गर्न र सहज उपचार पाउन प्रदेश सरकारले स्वास्थ्य विज्ञान प्रतिष्ठान सञ्चालन गर्नुपर्ने स्वास्थ्य क्षेत्रका विज्ञले बताएका छन् ।

## गठबन्धनको....

नियुक्त गरिएपछि न्यायिक क्षेत्रसँग सम्बन्धित निकाय र व्यक्तिहरु आन्दोलित छन् ।

हमालले २४ असोजमै राजीनामा दिएपनि प्रधानन्यायाधीश जबराको राजीनामा माग सहित सर्वोच्चकै न्यायाधीशहरु इजलासमा बसेका छैनन् । ८ कात्तिक देखि न्यायाधीशहरुले सुनुवाई गरेका छैनन् भने नेपाल बार एशोसिएशनको आन्दोलन चर्किएको छ । कानून व्यावसायीहरुले प्रधानन्यायाधीश जबराले राजीनामा नदिएसम्म आन्दोलन जारी राख्ने चेतावनी दिएका छन् । गएको शुक्रबार देखि कानून व्यवसायीहरुले प्रधानन्यायाधीश जबरालाई सर्वोच्च प्रवेशमै अवरोध गर्दै आएका छन् ।

## चार...

पौडेलले प्रधानन्यायाधीश जबरासँग सम्बन्धित कुनैपनि कार्यक्रममा समेत सहभागी नहुने बताए । "आन्दोलनलाई देशब्यापी बनाउँछौं । प्रधानन्यायाधीश जबराले पदबाट राजीनामा नदिएसम्म आन्दोलन रोकिदैन । बहस पनि गर्दैनौं", पौडेलले भने ।

## असन्तुष्ट..

लिइरहेका छन् । धेरै नेताहरुले नेतृत्व हत्याउने प्रयास गरिहेका बेला आकांक्षीहरुलाई व्यवस्थापन गर्न पदाधिकारी संख्या बढाउन भने सवैजसो नेताहरु सहमत देखिन्छन् । अहिले काँग्रेसले १३ पदाधकारीको व्यवस्था गरेको छ । सभापति, दुई उपसभापति, दुई महामन्त्री, आठ सहमहामन्त्री र कोषाध्यक्ष रहने व्यवस्था छ ।

काँग्रेसले समावेशी क्लस्टरको आधारमा आठ सहमहामन्त्री बनाउँदैछ । तर आकांक्षी व्यवस्थापन गर्न खुला सहमहामन्त्रीको प्रस्ताव अगाडि बढाइएको छ ।

यो प्रस्तावमा सभापति देउवा सहमत भएका छन् । सभापति देउवा मात्रै नभएर बरिष्ठ नेता रामचन्द्र पौडेल सहित अन्य नेताहरु पनि खुलातर्फबाट सहमहामन्त्री थप गर्न तयार देखिएका छन् । स्रोतका अनुसार, नेताहरु खुलाबाट चार जनासम्म सहमहामन्त्री थप्ने तयारीमा छन् । पटकपटक स्थगित हुँदै आएको काँग्रेसको १४औं महाधिवेशन आगामी २४-२६ मंसिरमा तोकिएको छ । यसपटक भने महाधिवेशन नसर्नेमा नेताहरु विश्वस्त देखिन्छन् ।

काँग्रेसले चार वर्षभित्र गर्नुपर्ने महाधिवेशन साढे पाँच वर्षभित्र समेत गर्न सकेन । संवैधानिक व्यवस्था अनुसार, पाँच वर्षभित्र महाधिवेशन गराइसक्नुपर्ने हुन्छ । विशेष अवस्था भए मात्रै थप ६ महिना थप गर्न सकिने व्यवस्था भएपनि काँग्रेसले महाधिवेशन गराउन सकेन ।

## रोष्टरमा ...

कोरिया शाखाले मंगलबार जनाए अनुसार ८३ जनामध्ये ४ जना महिला रहेका छन् ।

उता कोरिया पीडित संघर्ष समितिको एक टोलीले लामो समयसम्म दक्षिण कोरिया जान नपाएका नेपाली कामदारले पाइरहेको समस्याबारे ध्यानाकर्षण गरेको छ । संघर्ष समितिले कोरियाले नेपाली कामदारको कोटा थप गर्नुपर्ने, इपीएस प्रणालीलाई व्यवस्थित र विश्वासिलो बनाउने, विश्वासिलो प्रक्रिया पूरा गरेका सबै श्रमिकलाई सुरक्षित तरिकाले गन्तव्यमा चाँडै लैजानुपर्ने लगायतका सुझावहरु दिएको छ ।

इपीएस संघर्ष समितिका अध्यक्ष अजय सोडारीको नेतृत्वमा गएको टोलीले भैसेपाटीस्थित युबिटि भवनको उद्घाटन र हस्तान्तरण, श्रमिकको चापलाई मध्यनजर गरेर उडान संख्या बढाउने लगायतको माग गरे ।

# आत्महत्या गर्नेको संख्या बढ्दो

काठमाडौं/मस-स्वास्थ्य तथा राज्यमन्त्री भवानीप्रसाद खापुङले आत्महत्या गर्नेको संख्या बढ्दै गएको बताएका छन ।

मंगलबार धुलिखेलमा आयोजित आत्महत्या रोकथाममा आमसञ्चारको भूमिका कार्यक्रममा बोल्दै उनले नेपालमा आत्महत्या गर्नेको संख्या बढ्दै गएको बताएका हुन ।

उनले हाम्रो समाजमा विभिन्न घरेलु समस्याका कारण आत्महत्या गर्ने देखिएको बताएका छन् । त्यस्ता आत्महत्या गर्नुको कारणहरूको गहिरो अध्ययन गरि त्यसको समाधान गर्नुपर्नेमा उनले जोड दिए ।

आत्महत्या रोक्नका लागि गर्नुपर्ने कार्यक्रमहरूको बारेमा मन्त्रालयमा छलफल भइरहेको र त्यस्ता कार्यक्रमहरू प्राथमिकता राखेर गर्ने पनि उनले बताए ।

## तयारी...

थालेको हो । जिल्ला अध्यक्ष पार्वती रावलका अनुसार, जनसहभागिता गराउनका लागि जिल्लाका सम्पूर्ण पार्टी पंक्ति परिचालन गरिएको छ । उद्घाटन सत्रमा भरतपुर महानगरपालिकाभित्रबाट ४० हजार, रत्ननगर नगरपालिकाबाट १६ हजार, खैरहनी र राप्ती नगरपालिकाबाट १३-१३ हजार, कालिका नगरपालिकाबाट ११ हजार, माडी र ईच्छाकामनाबाट ३-३ हजार सहभागी हुने अनुमान गरिएको छ ।

यसैगरी पेशागत सङ्गठन र अन्यबाट थप पाँच हजार हाराहारी सहभागी हुने अनुमान गरिएको छ । चितवनमा एमालेको संगठित सदस्य २५ हजार छन् । रावलले एक संगठित सदस्यले कम्तीमा चार जना ल्याउने गरी एक लाख सहभागी हुने आँकलन गरिएको बताइन् ।

महाधिवेशन उद्घाटन सत्रमा अन्य जिल्लाबाट ठूलो संख्यामा सहभागी गराईदैछ । पाँच लाखभन्दा बढी सहभागी गराउने जनाइएको छ ।


## कतारमा रोजगारको अवसर

१. कम्पनी : TAKYEEF ELECTROMECHANICAL WLL — शहर: DOHA
पूर्व स्वीकृत मितिः २०७७/०९/१६ — चलानी नं.: ६०१५४०१८ — LT. No.: 235608 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 9 | 0 | स. काममा दक्ष | 1000 | ३२,६५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : PROGRESSIVE CATERING SERVICES — शहर: DOHA
पूर्व स्वीकृत मितिः २०७८/०५/१० — चलानी नं.: ६०१६२१५७ — LT. No.: 244332 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | assistant | 5 | 0 | स. काममा दक्ष | 1200 | ३९,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर ८ गते (24 November 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.नं. १को रु.१०,०००/- अन्यको निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

स्काई स्टार रिक्रुटमेन्ट प्रा. लि.
सुकेधारा-४, काठमाडौं, (साविकः रातोपुल), नेपाल
फोन नं.: ०१-५९०२३४६, ५९०२३४४, पो. ब. नं.: १९१२२
श्रम इजाजत नं. १०७८/०७३/०७४
Email: raza786md@yahoo.com, skystar1078@gmail.com, info@skystarrecruitment.com, website: wwwskystarrecruitment.com



## UAE को 5 STAR HOTEL मा रोजगारको अवसर

कम्पनी : ABU DHABI NATIONAL HOTELS CO — शहर : UAE
पूर्व स्वीकृत मितिः २०७८/०७/३० — चलानी नं.: ६०१६७७४० — LT. No.: 250784

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter/waitress | 25 | 25 | स. काममा दक्ष | 1200 | ३८,८४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Chamberman/chambermaid(Room Attendent) | 30 | 25 | | 1000 | ३२,३७० | | | | | | | |
| 3. | Commis/general Cook | 20 | 20 | | 1500 | ४८,५५५ | | | | | | | |
| 4. | Bartender/barman | 10 | 5 | | 1500 | ४८,५५५ | | | | | | | |
| 5. | Guest Relation Officer/receptionist | 10 | 10 | | 1800 | ५८,२६६ | | | | | | | |
| 6. | Bell Man / Doorman/porter | 10 | 10 | | 1200 | ३८,८४४ | | | | | | | |
| 7. | Demi Chef De Partie/general Cook | 10 | 5 | | 1800 | ५८,२६६ | | | | | | | |
| 8. | Life Guard/rescuer | 10 | 3 | | 1200 | ३८,८४४ | | | | | | | |
| 9. | Laundry Sorter/laundry Att. | 10 | 0 | | 1000 | ३२,३७० | | | | | | | |
| 10. | Chef De Partie/general Cook | 10 | 5 | | 3000 | ९७,११० | | | | | | | |
| 11. | Steward (Kitchen Cleaner) | 20 | 0 | | 1000 | ३२,३७० | | | | | | | |
| 12. | Therapist/spa Therapist | 5 | 10 | | 2500 | ८०,९२५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर ८ गते (24 November 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

HABTOOR INTERNATIONAL PVT. LTD.
GPO Box: 261, , Kathmandu, Nepal
Tel: 01-4983377, 4973377
Govt. Lic. No. 1147/073/74
E-mail : job@habtoorinternational.com & jobsinhabtoor@gmail.com



## साउदीमा रोजगार

१. कम्पनी: MOHAMMED M. ALARJI CONT. CO — शहर: SAUDI
पुर्व स्वीकृत मिति : २०७८/०७/३० — चलानी नं.: ६०१६७७८९ — L.T. No.: 250516

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hand Cable winding Labor | 50 | 0 | स. काममा दक्ष | 1000 | ३१,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: RELIANCE CONTRACTING COMPANY - WLL — शहर: SAUDI
पुर्व स्वीकृत मिति : २०७८/०७/३० — चलानी नं.: ६०१६७७८८ — L.T. No.: 250871

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electrician | 32 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३८,०४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Plumber | 13 | 0 | | 1200 | ३८,०४० | | | | | | | |
| 3. | Pipe Fitter | 3 | 0 | | 1200 | ३८,०४० | | | | | | | |

अन्तर्वार्ता काठमाडौं, जनकपुर र बुटवलमा २०७८ मंसिर ८, ९ र १० गते (24. 25 & 26 Nov. 2021) मा हुनेछ ।
9808866953, 9851205588 (Kathmandu), 9854029715, 9851136596 (Janakpur), 9857031904(Butwal)

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | कामदार आफैले | कामदार आफैले | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Ajeets Management and Development Company Pvt. Ltd.
Slesh Mantak Marga, Sinamangal-9, Panchakumari Mandir Kathmandu
Phone : 014579390, 9851205588/9863197435, 9851136596
E-mail : nepalajeets@gmail.com
श्रम ई. पत्र नं.: ३७४/०५९/०६०

## तलब नपाएपछि गाउँपालिकामा ताला



**सिमकोट/मस**-हुम्लाको मध्ये भेगमा रहेको सर्केगार्ड गाउँपालिकामा आइतबारदेखि ताला लगाइएको छ। बाल विकास केन्द्रका सहजकर्ता र विद्यालयका कर्मचारीले बढेको तलब गाउँपालिका नदिएको भन्दै पालिकामा ताला लगाएका हुन्।

गाउँपालिका बाल विकासका सहजकर्ता र कर्मचारीको तलब वृद्धिका लागि गम्भीर नदेखिएपछि आइतबार बेलुकाबाट ताला लगाएको प्रगति प्राविका सहजकर्ता रुप्सी छत्यालले बताइन्। सर्केगाड गाउँपालिकाले वृद्धि भएको तलब नदिएको भन्दै सबै सहजकर्ता र विद्यालयका कर्मचारी मिलेर तालाबन्दी गर्नुपरेको छत्यालको भनाइ छ।

जिल्लाका अधिकांश गाउँपालिकाले आन्तरिक स्रोतबाट व्यवस्था हुने गरी बाल विकासका सहजकर्ता र विद्यालयका कर्मचारीलाई तलबको व्यवस्था गरेको अवस्थामा सर्केगार्डले उक्त व्यवस्था नगरेकाले दबाब दिन कठोर कदम चाल्नुपरेको यस्तै दुधकण्ड प्रावि रोडिकोटका बाल विकासका सहजकर्ता हाँसबहादुर छत्यालले बताए।

सर्केगार्ड गाउँपालिकामा ३२ वटा विद्यालय छन्। यसमा चार वटा मावि र २८ वटा प्राथमिक तथा आधारभूत विद्यालय छन्। आधारभूत र प्राथमिक सबै विद्यालयमा बाल विकासका कक्षा सञ्चालन हुँदै आएका छन्। बत्तीस जना विद्यालय कर्मचारी र बाल विकासका गरी ६० जना आन्दोलित भएका छन्।

# इटहरीमा डिएसपी केसीको १६ महिनाः अपराधका घटना घट्दो

**तेजबहादुर बन/मध्यान्ह**
इटहरी, ३० कात्तिक

इलाका प्रहरी कार्यालय इटहरीबाट प्रहरी प्रमुख डिएसपी अर्जुन केसीले सोमबार सञ्चारकर्मीहरूमाझ बिदा लिएका छन्। बिदाइ लिने क्रममा गरिएको सञ्चारकर्मीहरूसँगको भेटमा उनले इटहरी रहँदा स्थानीय सरकारदेखि राजनीतिक दल, व्यापारी व्यवसायी र नगरवासीहरूको साथ, सहयोग अतुलनीय रहेको प्रशंसा गरे। उनी इटहरीबाट बनेपास्थित प्रहरी प्रदेश कार्यालय सरुवा भएर जानेभएका छन् भने केसीको ठाउँमा इटहरीमा खगेन्द्र खड्का नयाँ डिएसपी आउने भएका छन्। जाँदा जाँदै डिएसपी केसीले सञ्चारकर्मीहरू माझ आफु इटहरी रहँदा अपराध अनुसन्धान र शान्ति सुरक्षा कायम राख्ने सवालमा नसोचेको सफलता कायम राखेको दाबी गरे। पूरानो वर्षको तुलनामा गत वर्ष २०७७/०७८ र चालु आर्थिक वर्षको कात्तिक २५ सम्मको विवरण हेर्ने हो भने पनि अपराध तथ्यांक केहि घटेको देखिएको छ। आर्थिक वर्ष २०७६/७७ मा ५ सय बढी अपराधका मुद्धाहरू दर्ता भएका थिए भने गत वर्ष २०७७/०७८ मा ४ सय १३ वटा अपराधका मुद्धा दर्ता भएका थिए।



त्यस्तै चालु आर्थिक वर्षको साउन देखि कात्तिक २५ गते सम्ममा ५६ भन्दा बढी अपराध सम्बन्धि उजुरी परेको तथ्यांकले देखाएको छ। इटहरीमा सबैभन्दा बढी लागूऔषध कारोबार सम्बन्धिका मुद्धाहरू बढी रहेको र यो शहरकैलागि चूनौतिको विषय रहेको डिएसपी केसीले बताए।

आफु इटहरी रहँदा उल्लेखनिय मात्रामा लागूऔषध बरामद गरेको र यसमा संलग्न अभियुक्तहरूलाई पनि कानूनी दायरामा ल्याउन सफल भएको उनले प्रष्ट पारे। इटहरी क्षेत्रमा सबैभन्दा बढी लागूऔषध कारोबार, ठगी, जबरजस्ती करणी, चोरी, बैंकिङ कसुर सम्बन्धिका मुद्धाहरू रहेको र त्यसमा पनि धेरै जसो फछ्र्यौट पनि भइसकेको डिएसपी केसीले बताए।

त्यस्तै विगतको वर्षको तुलनामा यो चालु वर्षको तीन महिनामा साझेदारी समुदाय प्रहरी कार्यक्रम अन्तर्गत ९० वटा कार्यक्रम सफल भएको पनि उनले बताए। १६ महिना इटहरी रहँदा सुखद क्षणको अनुभव संगालेर बिदा हुन पाउँदा गर्व लागेको उनको भनाइ छ।

अपराध विवरणहरू सुनाइरहँदा इटहरीबाट गएको आर्थिक वर्ष २०७७/०७८ र चालु आर्थिक वर्षको कात्तिक २५ सम्ममा एक सय अभियुक्तहरू अझैं पनि फरारको सूचीमा रहेको भेटिएको छ।

यस्तै डिएसपी केसीले इटहरीमा पछिल्लो समय सवारी दुर्घटना मुख्य चुनौतीपूर्ण बनेको बताए। विगतमा राजमार्ग साँघुरो हुँदा दुर्घटना हुन्थ्यो तर अहिले राजमार्ग फराकिलो भएपनि त्यो क्रम झन् बढेको प्रति उनले चिन्ता व्यक्त गरे।

यसैबीच इटहरी उपमहानगरपालिका अन्तर्गत समुदाय -प्रहरी पालिका समितिले पनि डिएसपी केसीलाई एक कार्यक्रमकाबीच विदाई गरेको छ। पालिका समितिका अध्यक्ष द्वारिकलाल चौधरीले डिएसपी केसीलाई विदाई गरेका थिए। समुदाय -प्रहरी पालिका समितिका सह संयोजक समेत रहेका डिएसपी केसीले पनि इटहरी रहँदा स्थानीय सरकारको तर्फबाट पाएको साथ, सहयोग र सम्मानको सदैव कदर गर्दै अघि बढ्ने प्रतिवद्धता व्यक्त गरेका थिए।

## राजस्व चुहावटको आरोपमा १२ जनाविरुद्ध मुद्दा




**काठमाडौं/मस**-राजस्व अनुसन्धान विभाग ललितपुरले नक्कली अन्तःशुल्क स्टिकर प्रयोग गरी पाँच करोड ५६ लाख ४३ हजार रुपैयाँ राजस्व चुहावट गरेको अभियोगमा १२ जनाविरुद्ध मुद्दा चलाइएको छ।

विभागले मंगलबार जारी गरेको सूचना उक्त राजस्व चुहावट बराबरको बिगो असुल गरी जरिवाना र कैद सजायको माग दाबी लिई मुद्दा दर्ता गरिएको उल्लेख छ। विभागका अनुसार यसरी राजस्व चुहावटको अभियोग लागेकामा रुपन्देहीको क्रिष्टल बोटलर्स प्रालिका सञ्चालक फुलसिंह क्षेत्री, माउन्ट एभरेष्ट डिष्टिलरी प्रालिका सञ्चालक मृगेन्द्र गोविन्द श्रेष्ठ र सोही जिल्लाका मोहमद साहिद अन्सारीसमेत १२ जना रहेका छन्।

अनुसन्धानका क्रममा उनीहरुबाट सक्कली अन्तःशुल्क टिकटको सिरियल नम्बरसँग मिल्ने नम्बरका नक्कली अन्तःशुल्क टिकट फेला परेको छ। साथै भन्सार कार्यालयबाट जाँचपास भएको भन्दा बढी परिमाणमा मालवस्तु भेटिनुले भन्सार चोरी पैठारी गरी राजस्व चुहावटको कसुर गरेको देखिएको विभागले जनाएको छ।

उनीहरुमाथि राजस्व चुहावट, (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३ ले निषेध गरेको कार्य गरी सोही ऐनको दफा ४ को खण्ड 'झ' बमोजिम कसुर गरेको आरोप छ।

# मेडिकल कलेज स्थापना सरकारको प्राथमिकतामाः मुख्यमन्त्री पोखरेल

**पोखरा/मस-** गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले प्रदेशमा मेडिकल कलेज सञ्चालन सरकारको प्राथमिकताको विषय भएको भन्दै यसको अगुवाई गण्डकी विश्वविद्यालयले अगुवाई गर्नुपर्ने बताएका छन्। सबै प्रदेशमा सरकारीस्तरको कम्तीमा पनि एउटा मेडिकल हुनुपर्ने प्रावधान छ।

युग सुहाउँदो जनशक्ति उत्पादनका लागि २ वर्ष अगाडि सञ्चालनमा आएको गण्डकी विश्वविद्यालयले यस अघि नै मेडिकल कलेज सञ्चालन गर्ने घोषणा गरिसकेको छ। गण्डकी विश्वविद्यालयले प्रकाशन गरेको अन्तर्राष्ट्रिय वैज्ञानिक कार्यशालाको कन्फरेन्स प्रोसिडिङ्स




विमोचन कार्यक्रममा मंगलबार मुख्यमन्त्री पोखरेलले नागरिकलाई सर्वसुलभ स्वास्थ्य सेवा दिलाउन र स्वास्थ्यमा दक्ष जनशक्ति उत्पादनका लागि मेडिकल कलेज स्थापना गर्नैपर्ने बताएका छन्। उनले भने, 'धेरै विषयमा अगाडि रहेको गण्डकी प्रदेश यसमा किन पछाडि पर्‍यो, सोच्ने बेला आएको छ, तैपनि हामीले नीति तथा कार्यक्रम र बजेटमा प्राथमिकतामै राखेका छौं।'

उनका अनुसार प्रदेशको पहिचान हुनु जरुरी भएकाले प्रदेशले आफ्नै विश्वविद्यालयको परिकल्पना गरेको हो। 'यो विश्वविद्यालयले नेपालमा भएका अरु विश्वविद्यालय भन्दा आफूलाई फरक रुपमा प्रस्तुत गर्नुपर्छ र त्यसै अनुसारको जनशक्ति उत्पादनमा लाग्नुपर्छ, यहाँको जनशक्ति खोसाखोस हुनुपर्छ।'

विश्वविद्यालयले गर्दै आएका कार्यसम्पदानतर्फ इंगित गर्दै मुख्यमन्त्री पोखरेलले कतिपय निर्णय र काम गदाए प्राविधिक रुपमा मात्र हेरेर हुँदैन भने। उनले भने, 'विश्वविद्यालयलाई प्राविधि, वास्तविक र व्यावहारिक तिनै कुरालाई मिलाएर जानुपर्दछ।' हाम्रो स्रोत, साधन र शक्ति भ्याएसम्म जसरी विश्वविद्यालय स्थापनामा अगाडि भयौं, यसलाई सफल बनाउन पनि मेहनत गर्नुपर्दछ।' सरकार, नीति तथा योजना आयोग र सम्बन्धित मन्त्रालयसँग समन्वय गरेर अगाडि बढ्न उनले आग्रह गरे।

छात्रवृत्ति वितरणमा देखिएको समस्या समाधानका लागि पनि संघ सरकारसँग समन्वय गर्नुपर्ने उनले बताए।

## पाल्पा डायरी/मध्यान्ह
### सुशीला रेग्मी/मध्यान्ह

# प्रविधिले कृषकलाई बनायो सहज



पाल्पाको रम्भा गाउँपालिका १ सघाहा अगुवा कृषक ऋषिराम अर्यालले विगत पाँच वर्ष देखि प्रविधि (थ्रेसर) को प्रयोग गरी धानबाली स्याहार्दै आएका छन्।

धान झाट्ने र दाही हाल्ने काम एकै पटकमा हुने भएपछि थ्रेसर मेसिनबाट धान स्याहार्ने कार्यमा कृषकको आकर्षण बढेको उनी बताउँछन्।

उनी भन्छन्, 'एक घण्टाको समयमा थ्रेसर मेसिनबाट करिव ५० मुरी धान झाट्ने र दाही हाल्ने काम एकै पटकमा भयो, कम लागत र छोटो समयमा खेती स्याहार्ने नयाँ प्रविधि गाउँमा आएपछि कृषकलाई धेरै राहत भएको छ।'

कृषक अर्यालले एक घण्टाको तीन हजार ५ सय रुपैयाँ शुल्क तिरेर धान भित्र्याएका छन्। कामदार खटाएर धान स्याहार्नु पर्दा समय र लागत पनि धेरै लाग्ने हुँदा थ्रेसर मेसिनबाट नै फाइदा हुने उनको अनुभव छ।

'थ्रेसरबाट धान स्याहार्न थालेपछि वस्तुभाउमा पनि जुकामाटे रोग कम देखा परेको छ, परालको पानीको सतहमा डुबेको भागमा जुकाका फूल बस्ने हुदा गाइभैंसीमा जुकामाटेको रोग देखापर्ने हुन्थ्यो, थ्रेसर लगाएपछि यस्तो समस्या कम भएको छ' उनले भने।

धान छिटो झर्ने, कम लागतमा धेरै काम हुने, कामदारको अभावमा सहज हुने हुँदा पनि पछिल्लो समय कृषकले प्रविधिको प्रयोग गरेर खेती लगाउने र स्याहार्ने गरेको रामपुर नगरपालिकाका कृषि शाखा प्रमुख रामहरी पाण्डे बताउँछन्। उनका अनुसार रामपुर नगरपालिकाले कृषकको माग अनुसार र विभिन्न पकेट तथा ब्लक कार्यक्रममा थ्रेसर मेसिन विभिन्न पनि सहयोग गरेको छ।

'गाउँ गाउँमा धान झाट्ने यन्त्रको प्रयोग बढ्दो छ, कृषकहरु पनि परम्परागत खेती प्रणालीलाई छाडेर आधुनिक प्रणालीतर्फ अगाडी बढ्दै गएका छन्, यसले गर्दा पनि कृषकहरु नयाँ नयाँ कृषि यन्त्रको प्रयोगमा अग्रसर हुँदै गएका छन्' उनले भने।रामपुर क्षेत्रमा हालसम्म करिव पन्ध्र वटा धान झाट्ने (थ्रेसर मेसिन) कृषि यन्त्र प्रयोगमा आएका छन्। दुई दिन सम्म लाग्ने काम एक घण्टामा सकिने भएपछि धान झाट्न कामदार लगाउनै छाडिएको बलबहादुर राना बताउँछन्।

'एक जना कामदारलाई धान झाट्न दिउँसोको काम लगाउँदा रु एक हजार ज्याला दिनुपर्छ, समय पनि धेरै लाग्ने, खर्च पनि धेरै हुदो रहेछ, हिजोआज धान झाट्ने यन्त्र (थ्रेसर मेसिन) ले दुई तीन दिन लाग्ने काम एक घण्टामै सिध्याउँछ' कृषक रानाले भने। भनेको समयमा धान झाट्ने कामदार नपाउँदा पनि कृषकले निकै सास्ती खेप्नुपर्थ्यो। धान झाट्ने यन्त्रप्रति (थ्रेसर मेसिन) कृषकको आकर्षण निकै रहेको विजयपुर कृषि सहकारीका अध्यक्ष ओमप्रकाश रेग्मी बताउँछन्।

पाल्पाका विभिन्न गाउँ गाउँमा धान झाट्ने यन्त्र (थ्रेसर मेसिन) को प्रयोग हुन थालेपछि कृषकको आकर्षण बढ्दै गएको छ। कम लागत र मेहनतमा छिटो र छरितो धान स्याहार्न पाइने भएपछि धान झाट्ने यन्त्रतर्फ यहाँका कृषकहरु आकर्षित भएका हुन्।

पाल्पाको रामपुर, खानीछाँप, यम्घा, कसेनी, सिद्धेश्वर, खस्यौली, बौघापोखराथोक, रम्भा, अर्गली, दोभान, भुवनपोखरी, चिर्तुङ्गधारा, सत्यवति, माडीफाँट लगायतका स्थानमा धान झाट्ने यन्त्र (थ्रेसर मेसिन) पुगेसँगै कृषकलाई धान स्याहार्न सजिलो भएको छ। जिल्लामा बढ्दो यान्त्रिकरणको विकास र प्रयोग हुदै जाँदा भने काम गरेर खाने श्रमिक, मजदुरहरु विस्थापित हुन पुगेका छन्। कृषि र अन्य क्षेत्रमा विभिन्न यान्त्रिकरणको प्रयोग हुन थालेपछि ज्यालादारीमा काम गरेर जीवन गुजारा गर्ने सयौं श्रमिक, मजदुरहरुको आम्दानीको स्रोत नै गुम्दै गएको छ।

परम्परागत कृषि औंजारका सट्टा खनजोत गर्ने हाते ट्याक्टर, पावर टिलर, विउ रोप्ने मेसिन, धान काट्ने मेसिन, गहुँ ठटाउने, धान झाट्ने यन्त्रको बढ्दो प्रयोग हुन थालेपछि कृषि व्यवसायमा आवद्ध कृषि मजदुर विस्थापित हुन पुगेका हुन्।

# एकादशी मेलाको आकर्षण बाँसजन्य सामग्री

हरिबोधनी एकादशी पर्वको अवसरमा सोमवार कालीगण्डकीका विभिन्न धार्मिक घाटमा मेला लागेको छ। हरेक वर्ष यस नदीका विभिन्न घाटमा लाग्ने मेलामा दर्शकको उपस्थित बाक्लै रहन्छ। विशेषगरी मेलामा बाँसबाट उत्पादित सामग्रीले दर्शकको आकर्षण बढाएको हुन्छ। यसवर्षको हरिबोधनी एकादशीको मेलामा पनि बाँसबाट तयार पारिएका विभिन्न सामग्री दर्शकको रोजाईमा रह्यो। पाल्पा, स्याङ्जा र तनहुँको संगमस्थलको रुपमा रहेको केलादीघाटमा लागेको मेलामा बाँसबाट बनेका सामग्री खरिद गर्नेको उत्साह देखिन्थ्यो। यहाँको मेलामा हरेक वर्ष डालो, भकारी, नाङ्लो जस्ता बाँस र निगालोबाट तयार पारिएका सामग्री खरिद गर्न दर्शक आउने गर्छन्। यी सामग्री मेलाको मुख्य आकर्षणको रुपमा लिइन्छ।

कालीगण्डकी नदी स्नान संगै मेलामा नाङ्लो खरिद गर्न केलादीघाटमा आएको बताउँछिन् पाल्पा रामपुरकी विष्णु श्रेष्ठ। 'घरायसी प्रयोजनका लागि चाहिने डालो, नाङ्लो हिजोआज गाउँघरमा पाइदैन, एकादशी पर्वमा व्यापारीले ल्याउने गरेपछि अन्यत्र खोज्न जानु परेको छैन, आफूले खोजेजस्तो बाँसबाट बनेका सामग्री पाइने हुदा एकादशीको बेला आएर खरिद गर्ने गरेको छु' उनले भनिन्।

यहाँको मेलामा नवलपुर, धादिङ, तनहुँ लगायतका विभिन्न जिल्लाका व्यापारी बाँसजन्य सामग्रीको व्यापारमा आउने गर्छन्। पूरानो र प्रसिद्ध घाट भएकाले विगत ३० वर्ष यता निरन्तर रुपमा केलादीघाटमा नै नाङ्लो, डालोको व्यापारका निम्ति आउने गरेको नवलपुर बौदिकालीका ६० वर्षीय पतिराम सारु मगर बताउँछन्।

'केलादीघाटमा धेरै दर्शक आउने हुँदा व्यापार पनि राम्रै हुन्छ, हरेक वर्ष एकादशीका दिन यहाँ व्यापार गर्न आउने गर्छु, पुराना ग्राहक पनि छन्, नयाँ ग्राहकले पनि सामान राम्रै खरिद गर्नुहुन्छ' उनले भने। उनले विगत चार दशक देखि गाउँघरमा पाइने बाँस तथा तामाखानी, निगालो, जंगली बाँसबाट विभिन्न सामग्री तयार पारी व्यापार गर्दै आएका छन्। आफूले उत्पादन गरेको सामग्री तराईका विभिन्न स्थानमा



पनि पठाउने गर्छन्।

एकादशीमा राम्रै व्यापार हुने थाहा पाएपछि पहिलो पटक केलादीघाटमा नाङ्लो, डालोको व्यापारको लागि आएको धादिङका धनबहादुर तामाङ बताउँछन्। उनले यसभन्दा अघि नुवाकोट, तनहुँ, नवलपरासी लगायतका जिल्लामा व्यापार गर्थे। यहाँ बाँसजन्य सामग्रीबाट उत्पादन गरिएका नाङ्लो प्रति पाँच सय, डालो (एक पाथीको) ३ सय ५०, धान राख्ने भकारी ३ हजार ५ सय रुपैयाँमा बिक्रि गरिएको छ।

दैनिक गुजारा चलाउनका निम्ति यस घाटमा धादिङका ७० वर्षीय मर्को तामाङ पनि यस पटक धान राख्ने भकारीको व्यापार गर्न आएका छन्। उनले भकारी बेचेर बिहान साँझको दैनिक गुजारा चलाउँछन्।

यसवर्षको एकादशीको मेलामा बाँसजन्य उत्पादित सामग्रीले मेलाको रौनकता बढाएको र विशेषगरी यहाँ नाङ्लो, डालो, भकारी जस्ता सामग्री नै मेलाको मुख्य आकर्षण नै रहने गरेको स्थानीयवासी ओमप्रकाश रेग्मीले बताए। यसवर्ष केलादीघाटमा करिव पाँच हजार भन्दा बढी दर्शनार्थी भित्रिएको स्याङ्गजा चापाकोट नगरपालिका ६ का वडा अध्यक्ष एकदेव भट्टराईले बताए।

कालीगण्डकीको ज्याग्दीघाट, केलादीघाट, पुट्टारघाट, तातोपानीघाट, राम्दीघाट, हुँगीघाट, बालीघाट लगायतका स्थानमा दिनभर नै स्नान गर्ने र मेला अवलोकन गर्नेको श्रद्धालुभक्तजनको घुँईचो देखिन्थ्यो। ज्याग्दीघाट, केलादीघाट र बालीघाटमा हरेक वर्ष एकादशी मेला लाग्ने गरेको छ। एकादशीको दिन सखरखण्ड, पिडाँलु, तरुल, सुन्तलाको ठुलो व्यापार हुने गरेपनि यसवर्ष भने बिगतका वर्षमा जस्तो फलफूलको व्यापार भने कमै देखिन्थ्यो। हिन्दु परम्परा अनुसार हरिबोधनी एकादशीका दिन कालीगण्डकीका विभिन्न घाटमा तामा, कुस, खरको तोरण तारिएको छ।

हरिबोधनी एकादशीका दिन नदीमा तोरण तारियो भने मोक्ष प्राप्त हुने विश्वासले यसवर्ष धार्मिक रुपमा प्रख्यात पवित्र केलादीघाटमा वैदिक परम्परा अनुसार तोरण तारिएको रामपुर उद्योग वाणिज्य संघका महासचिव पुरुषोत्तम केसीले बताए। धार्मिक महत्व रहेको कालीनदी र यसका महत्वपूर्ण घाटमा विभिन्न परम्परागत सामग्री पाइने भएकाले पनि एकादशीका दिन टाढा टाढाबाट भक्तजनहरु आउने गरेको स्थानीय कमलप्रसाद अधिकारी बताउँछन्। एकादशीको दिन घरमा तुलसीलाई सिंगारेर पुजाआजा गरिएको छ। तुलसीको मठ नजिकै विष्णुको प्रतिकका रुपमा निगालाको लिङ्गो गाडेर वैदिक विधिपूर्व पुजाआजा गरी ब्रत बस्ने चलन छ।

## सम्पादकीय

### नबदलिएको शैली

नेत्रविक्रम चन्द नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीले आह्वान गरेको नेपाल बन्दको असर मंगलबार राजधानी उपत्यकामा समेत देखियो । बन्द आह्वान पछि राजधानी उपत्यका सहित शहरी क्षेत्रको सार्वजनिक गतिविधि अवरूद्ध हुन पुगेको थियो । विशेषगरी आर्थिक क्षेत्र बन्द आह्वानका कारण प्रभावित बन्न पुग्यो । लामो समयदेखि राजनीतिक दलहरूले बन्द आह्वान छोडेका थिए । केही महिना अगाडि तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को एउटा खेमा (पुष्पकमल दाहाल प्रचण्ड र माधवकुमार नेपाल) ले गरेको बन्द आह्वानले राजधानी उपत्यका प्रभावित बन्न पुगेको थियो । तर मंगलबार चन्दले बन्द आह्वान गर्दा विशेषगरी गरिखाने वर्ग बढी प्रभावित बने । दिनभर मजदुरी गरी साँझबिहान टार्ने देखि सार्वजनिक यातायात मार्फत् यात्रा गर्नेहरू बढी प्रभावित बने ।

अर्थात् जुन उद्देश्ले बन्द गरिएको भएपनि यसको असर आम नागरिकलाई परेको छ । त्यसैपनि विश्वव्यापी कोरोना महामारी रोकथामका निम्ति लामो समयको लकडाउन र निषेधाज्ञा खेप्नुपरेकाले मुलुक सामान्यकालमा फर्कन सकेको छैन । आर्थिक र शैक्षिक क्षेत्रमा ठूलो असर परेको छ । यस्तो बेला गरिएको बन्दले स्वयम् चन्दको पार्टीप्रति नागरिक बुझाइ समेत नकारात्मक बन्न पुगेको छ । शान्तिपूर्ण राजनीतिमा आएको पार्टीले शान्तिपूर्ण र नागरिकलाई क्षति नपुग्ने कार्यक्रम गर्नुपर्ने दायित्व हुन्छ । भेला, जुलुस, प्रदर्शन गर्ने र असहमति जनाउने राजनीतिक अधिकार संविधान प्रदत्त हो । तर नागरिकले बिना अवरोध बाँच्न पाउने पनि संवैधानिक अधिकार हो । नागरिक अधिकार खोस्नेगरी गरिने राजनीतिक कार्यक्रमले नागरिकले कुनै पनि पार्टीभित्र नागरिक विश्वास बढ्न सक्दैन ।

तर नेपालका राजनीतिक दलहरूले अपनाउँदै आएको यो पुरानो शैलीलाई चन्दले पनि अबलम्बन गरेका छन् । सशस्त्र विद्रोह गरेर आएका विप्लबले शान्तिपूर्ण राजनीति गर्न सहमति गरेका छन् । सरकारसँग तीन बुँदे सहमति गरी सशस्त्र आन्दोलनको बाटो छोडेको छ । तर सशस्त्र बाटो छोडेपनि बन्द, हड्ताल जस्ता शैली बनाउन कायमै राखेका छन् । यो शैली पनि बदल्न जरूरी छ । राज्यमा देखिएका समस्याबारे शान्तिपूर्ण कार्यक्रम मार्फत् नै खबरदारी र असहमति प्रकट गर्दा नै बलशाली हुन्छ ।

# भारतमा माओवादी आन्दोलन

तत्कालीन प्रधानमन्त्री डा. मनमोहन सिंहले माओवादी आन्दोलनलाई देशको आन्तरिक सुरक्षाका लागि सबैभन्दा ठूलो खतरा भएको बताएका थिए, तर आज स्थिति फेरिएको छ । आज भारतमा माओवादी आन्दोलन आफ्नो अस्तित्वको लागि मात्रै लडिरहेको छ ।



● अजय साहनी

महाराष्ट्र प्रहरीको सि-६० स्क्वाडले शनिबार साँझ ठूलो सफलता पायो, छत्तीसगढको सीमावर्ती गढचिरोलीमा गरिएको कारबाहीमा शीर्ष कमाण्डरसहित २६ माओवादी नेताहरु मारिए । गत बुधबार १५ प्रहरी कमाण्डो मारिएपछि प्रहरीले प्रतिकारात्मक रुपमा माओवादीविरुद्ध कारबाही गरेको थियो । यस अपरेशनमा संलग्न सबै जवानहरू नक्सल हिंसासँग लड्न विशेष गरी सन् १९९० मा गठन गरिएको सि-६० स्क्वाडका सदस्य थिए ।

सी-६० ले यस क्षेत्रमा विगतमा पनि यस्तै अपरेशन गर्दै आएको थियो । यो अपरेशन पूर्णतया गुप्तचरमा आधारित थियो, जसमा मिलिन्द बाबुराव तेलतुम्बडेलगायत माओवादी र त्यहाँ लुकेका अन्य माओवादीहरूको स्थानको विस्तृत जानकारी दिइएको थियो । भिडन्तमा मारिएका मिलिन्द तेलतुम्बडे सीपीआईको नवगठित एमएमसी क्षेत्र (महाराष्ट्र-मध्य प्रदेश) का प्रमुख थिए, जसलाई पक्राउ गर्नको लागि सरकारले ५० लाख भारतीय रुपैयाँ पुरस्कार तोकेको थियो ।



वास्तवमा भारतमा माओवादी आन्दोलन अहिले अन्तिम सास गनिरहेको जस्तो देखिन्छ । कुनै समय तत्कालीन प्रधानमन्त्री डा. मनमोहन सिंहले माओवादी आन्दोलनलाई देशको आन्तरिक सुरक्षाका लागि सबैभन्दा ठूलो खतरा भएको बताएका थिए, तर आज स्थिति फेरिएको छ । आज माओवादी तर्फबाट हुने हिंसाका घटनामा मात्र कमी आएको छैन, धेरै माओवादी कमाण्डरहरू मारिने र समातिने भएका छन् । गडचिरोलीमा रहेको सि-६० को कारबाहीमा मिलिन्द तेलतुम्बडे बाहेक अन्य दुई शीर्ष कमाण्डर पनि मारिएका छन् ।

सन् २००९ मा देशका एक सय २३ जिल्ला माओवादी हिंसाबाट प्रभावित भएका थिए भने अहिले ६५ जिल्ला मात्रै माओवादी आन्दोलनबाट प्रभावित छन् । ६५ जिल्ला मध्ये पनि २/३ जिल्लामा मात्रै आन्दोलनको प्रभाव देखिन्छ । सन् २००९ र २०१० मा वर्षेनी एक हजारभन्दा बढी (माओवादी, प्रहरी, आम जनतालगायत) मारिए, तर आज अवस्था त्यस्तो छैन । माओवादीको वर्चस्वको क्षेत्र संकुचित भएको छ ।

गडचिरोलीमा माओवादीको केही प्रभाव छ । तथापी विगतको रेकर्ड हेर्दा, गडचिरोलीमा माओवादी हिंसाका घटना निकै कम छन् भने माओवादी विरोधी सुरक्षाकर्मीको कारबाहीका घटना बढेका छन् । हिंसात्मक घटना र माओवादी वर्चस्व दुईवटा कुरा हुन् भनेर हामीले स्मरण गर्नुपर्छ । उनीहरु अझै पनि देशका ६५ जिल्लामा छन् र छिटपुट हिंसात्मक घटना वर्षमा एकपटक मात्र हुने गरेको छ । तर जुन प्रकारको वर्चस्व र सक्रियता थियो, त्यो धेरै हदसम्म घटेको छ ।

आज छत्तीसगढमा मात्र माओवादीहरुको प्रभाव छ, त्यो पनि बस्तर डिभिजनका दुई/तीन जिल्लाहरूमा मात्रै । कुनै समय बस्तरको जंगलमा जान सुरक्षा बललाई डर लाग्थ्यो तर, आज त्यस क्षेत्रमा सुरक्षाकर्मीको पोष्ट छ । आज माओवादीहरू बस्तरको जंगलमा स-साना क्षेत्रमा लुकेर बसेका छन् र प्रहरीले खोजी अभियान चलाउँदा त्यस क्षेत्रको भौगोलिक अवस्थाको फाइदा उठाएर तुरुन्तै भागेर सुरक्षित क्षेत्रमा फर्किन्छन् ।

संयुक्त आन्ध्र प्रदेश (तेलंगानासहित) मा वर्षेनी नक्सलवादी हिंसाबाट ४००/५०० मानिस मारिने गरेका थिए । तर, अहिले एक/दुई जना पनि मारिए भने ठूलो कुरा बन्न पुग्छ । नक्सलवादी हिंसा तत्काल अन्त्य गर्ने सरकारको हातमा जादुको छडी छैन । यसलाई क्रमशः हटाउन सकिन्छ र त्यो भइरहेको छ । अहिलेको अवस्थामा एक हिसाबले माओवादी आन्दोलन लगभग अन्त्यको बाटोमा पुगेको मान्न सकिन्छ । बिस्तारै उनीहरुको वर्चस्वका क्षेत्रहरु घट्दै गएका छन् ।

सन् २०१० तिर पश्चिम बंगालको पुरै क्षेत्र माओवादी प्रभावित क्षेत्र थियो, तर आज उक्त क्षेत्रमा माओवादी हिंसाको घटना निकै छ । जहाँसम्म बिहार, झारखण्डमा भएको नक्सली हिंसाको सवाल छ, यो माओवादी आन्दोलन होइन । बिहार र झारखण्डमा नक्सलवादी समूहहरू साना फिरौती गिरोहका रुपमा सक्रिय छन् । उनीहरुलाई छत्तीसगढ वा गडचिरोलीका माओवादीसँग तुलना गर्ने हो भने त्यो गलत हुनेछ । जसलाई नियन्त्रणमा ल्याउन गडचिरोलीमा यी अपरेसनहरू गरियो, जुन धेरै सफल पनि भएको छ ।

विभिन्न क्षेत्रमा माओवादीहरुले बेला-बेलामा हिंसात्मक घटनाहरु घटाउनुको एउटा कारण उनीहरुले आफ्नो अस्तित्व जोगाउन यस्ता हिंसात्मक घटनाहरु गरिरहनु पनि हो । कुनै पनि हिंस्रक संगठनले केही गर्दैन र चुपचाप बस्यो भने त्यो संकुचित भएर आफै सकिन्छ । उसले आफ्नो क्षमता देखाउन केही न केही गर्नै पर्छ । तिनीहरूले दुई वा तीन चीजहरूको लागि आफ्नो क्षमता देखाउँछन् । यदि तिनीहरूले आफ्नो क्षमता देखाउँदैनन् भने, कोही पनि तिनीहरूतर्फ आकर्षित हुने छैनन् । माओवादीहरूले आफ्नो संगठनमा भर्ना गर्न नयाँ भर्ना पाउने छैनन् ।

दोस्रो, ती क्षेत्रमा बसोबास गर्ने आम जनतालाई विभिन्न तरिकाले सहयोग गर्नेहरू पनि क्रमशः आफ्नो निष्क्रियताबाट अलग भएर सरकारका सुरक्षा निकायलाई सहयोग गर्न थाल्छन् । त्यसैले उनीहरूलाई सरकारको सहयोगी बन्न नदिन माओवादीहरूले डर, धम्की दिन हिंसात्मक घटनाहरू गर्छन् । तेस्रो, उनीहरूले प्रहरी सूचना दिनेहरूलाई लक्षित गर्न हिंसाको सहारा लिने गर्छन् ।

चौथो, प्रहरी वा सुरक्षा बल त्यस्तो बाटो भएर हिँडेको खबर पाए र त्यसको क्षमता बलियो छ भने सुरक्षा बलमाथि हिंसा गर्छन् । त्यस्ता अपरेसनहरूलाई अपरेशन अफ चान्स भनिन्छ र यदि यी अपरेशनहरू बढी सफल भए तिनीहरूको प्रभुत्व बढ्न थाल्छ । तर अहिले छिटपुट घटना भए पनि माओवादीको वर्चस्व सानो क्षेत्रमा मात्र सिमित रहेको छ र माओवादी हिंसामा तिव्र कमि आएको छ । विगतमा जस्तै आज माओवादी हिंसा आन्तरिक सुरक्षाका लागि ठूलो खतरा होइन । आज भारतमा माओवादी आन्दोलन आफ्नो अस्तित्वको लागि मात्रै लडिरहेको छ ।

***(लेखक साहनी रक्षा विशेषज्ञ हुन् । अमर ज्वाला अनलाइनका लागि साहनीले लेखेको यो लेख अनुवाद गरि राखिएको हो ।)***

●●●

सन् २०१० तिर पश्चिम बंगालको पुरै क्षेत्र माओवादी प्रभावित क्षेत्र थियो, तर आज उक्त क्षेत्रमा माओवादी हिंसाको घटना निकै कम छ । जहाँसम्म बिहार, झारखण्डमा भएको नक्सली हिंसाको सवाल छ, यो माओवादी आन्दोलन होइन । बिहार र झारखण्डमा नक्सलवादी समूहहरू साना फिरौती गिरोह मात्रै हुन् ।

●●●

## सामाजिक सञ्जाल



**- प्रेम जि मगर**

फण्डितहरू, देश विकास किन भएन भनेर किन आन्दोलन गर्दैनन् ? शिक्षित युवाहरू बेरोजगार भए, विदेश पलायन भए भनेर किन आन्दोलन गर्दैनन् ? नेपाली सिमाना, संस्कार, संस्कृति, सार्वभौमिकतामाथि विदेशी हस्तक्षेप बढ्यो भनेर किन आन्दोलन गर्दैनन् ? किनकी यसो गरेबापत उनीहरूलाई डलर आउँदैन ।




**- गोविन्दकुमार थापा**

दल सल हुँदै गर्छ हामीलाई खान लाउन दिँदैन, संरक्षण गर्दैन क्यारे ! उल्टै हामीलाई नै चुस्ने हो । झोले, हुक्के चिलिमे, चाटुकार छाडेर आउनुस् । भ्रष्टाचार, अन्याय, अत्याचार, विभेद, बिकृति, बिसंगतिका विपक्षमा र राष्ट्र, राष्ट्रियता र जनजिविकाको पक्षमा एकमना होऔं । साझा लडाइ लडौं । भोट हालेर होस् वा भाटा हानेर ।



**- पुरुषोत्तम ढुंगेल**

पार्टी र नेताको लागी बन्द, हडताल, नारा जुलुस गर्नु नेपाल र नेपालीको दुर्भाग्य हो । झन युवाहरूको लागी त झन अभिशाप नै हो । कालापानी, लिपुलेक लिम्पायाधुरा नेपालको भूभाग हो, छिमेकिको बलमिच्याई विरुद्ध नेपाल बन्द गरौं । पुराना नेताहरूले राष्ट्रियता, राष्ट्रिय एकता धरापमा पारेकोले नेपाल बन्द गरौं ।



**- हिराकाजी**

बन्द सफल भएको घोषणा ! देशैभर प्रभाव ! पुर्व-पश्चिम रेल, केरूङ् - काठमाडौं - पोखरा - लुम्बिनी रेल, साथै काठमाडौंको मोनोरेल अनि सप्तकोशी-कलकत्ता पानीजहाज केही पनि चलेन ! अब पेट्रोलियम पदार्थको मुल्य घटेको समाचार आउन मात्र बाँकी छ ।



**- आरएस गोरुसिने**

विधिको बाटो अवरूद्ध भएपछि विकल्प आन्दोलन हो । विधि समय सापेक्ष छैन भने विधि फेर्न पनि आन्दोलन बिकल्प बन्न सक्छ । विधि नै मान्दिन भन्नु अराजकता हो । बारको अराजकतामा असहमत मात्र हैन न्यायको बाटो अवरूद्ध गरेको अभियोगमा बारको ब्यानर बदनाम गराउने केही टाउकालाई सजाय हुनुपर्दछ ।

## टिप्पणी

● नारायण अर्याल



# अँध्यारोतिर फर्किएको अर्थराजनीति

राज्यले उत्पादन तथा उद्यममुखी वातावरणको सिर्जना हुनेगारि नयाँ राष्ट्रवादी अर्थराजनीतिको अख्तियार गर्न जरुरी देखिन्छ । राज्यको वर्तमान नीति तथा अभ्यासमा परिवर्तन नगर्ने हो भने छोटो समयमै राज्यले डरलाग्दो आर्थिक संकटको सामना गर्नुपर्ने हुनसक्छ ।

मंगलबार राष्ट्र बैंकले चालु आर्थिक वर्षको त्रैमासिक अवधिको प्रतिवेदन सार्वजनिक गरेको छ । राष्ट्र बैंकले सार्वजनिक गरेको उक्त प्रतिवेदनअनुसार चालु आर्थिक वर्षको तीन महिनामा मुलुकको घाटा ५८.३ प्रतिशत र चालु खाता घाटा १ अर्ब २८ करोड भएको छ । मुलुकको व्यापार घाटा घट्नु र विदेशी मुद्राको सञ्चितीमा निरन्तर ओरालो लाग्नुले देशको आगामी आर्थिक अवस्था थप अनिश्चय देखिएको छ ।

चालु आर्थिक वर्षको पहिलो त्रैमासिक अवधिमा मुलुकको निर्यात एक सय प्रतिशतभन्दा धेरै बढ्ने कुरालाई सकरात्मक रुपमा लिन सकिन्छ, तर आयातको तुलनामा निर्यातको आकार सानो भएको हुँदा व्यापार घाटालाई सन्तुलनमा राख्नको लागि यहि प्रवृत्तिको निर्यातले कहिल्यै विस्थापित गर्न सक्दैन् । कुनै पनि मुलुकको आर्थिक अवस्थाको मेरुदण्ड भनेको सोही मुलुकभित्रको उत्पादन हो । जसले आयातलाई सन्तुलनमा राख्नेगरि निर्यात गर्ने हैसियत राख्नुपर्दछ । नेपालजस्ता विकासोन्मुख मुलुकहरुले व्यापार सन्तुलन कायम राख्दै अगाडि बढ्नको लागि राष्ट्रिय पुँजीको बृद्धि गर्ने अर्थराजनीति अबलम्बन गर्न जरुरी हुन्छ ।

देशमा आवश्यकताको र सम्भावनाको आधारमा उत्पादन गर्ने, अनावश्यक आयातलाई विस्थापित गर्ने र आयात सन्तुलनमुखी निर्यातको निमित्त उत्पादन कार्यक्रम बनाउने कुराले मात्रै मुलुकको व्यापार घाटालाई दिर्घकालिन हिसाबले रोक्दै सन्तुलनमा राख्न सक्छ । अहिले मुलुकमा वार्षिक रुपमा झण्डै १० खर्बको आकारमा रेमिटान्स भित्रिरहेको छ । तर साधारण दैनिक उपभोग्यदेखि उच्च प्रविधिसम्मको खरिदमा रेमिटान्सको पुरै हिस्सा पुनः बाहिरिएको छ । यससँगै थप विदेशी ऋण वर्षेनी रुपमा थपिएको छ । हाम्रो जस्तो सानो आकारको, प्राकृतिक साधन स्रोतको प्रचुरता भएको र कच्चा जनशक्ति प्रशस्त भएको मुलुकले ठुलो मात्राको रेमिट्यान्स आम्दानीलाई दिर्घकालिन उपयोगको नीति अबलम्बन नगरेर खेर जान दिनु बिडम्बनाको विषय हो ।

विश्व बजारमा वर्षेनी रुपमा हरेक उपभोग्य वस्तु तथा सेवाहरुको मुल्य वृद्धि भइरहेको छ । पछिल्लो समयमा मुल्य बृद्धि, आवश्यकता र आम्दानीको अनुपात घट्दो हुन गएकाले विदेशी मुद्राको आम्दानीलाई राज्यले यथास्थितिमा बचत गर्न सक्ने अवस्था देखिदैन् । त्यसको लागि राज्यले उत्पादन तथा उद्यममुखी वातावरणको सिर्जना हुनेगरि नयाँ राष्ट्रवादी अर्थराजनीतिको अख्तियार गर्न जरुरी देखिन्छ । राज्यको वर्तमान नीति तथा अभ्यासमा परिवर्तन नगर्ने हो भने छोटो समयमै राज्यले डरलाग्दो आर्थिक संकटको सामना गर्नुपर्ने हुनसक्छ ।

# कर्पोरेट मिडियामा विदेशी लगानी



● जयप्रकाश गुप्ता

केही दशक पहिला अभिव्यक्ति स्वतन्त्रताको माग समग्र मानव अधिकार आन्दोलनको अभिन्न भाग थियो । यो आन्दोलन आम जनताका वैचारिक स्वतन्त्रताको रक्षाका लागि स-साना समूहहरूले चलाएपनि प्रत्यक्षतः स्वेच्छाचारी राजनीतिक व्यवस्था तथा सरकारहरूका विरूद्ध हुन्थ्यो । सरकारहरूले मानव अधिकार सक्रियतावादीहरूको सामना गर्नु परेको हुन्थ्यो । यस अभियानमा अदालत र प्रेस जस्ता निकायहरू अपवादबाहेक जनताका पक्षमा उभिएको हुन्थ्यो । अन्तरराष्ट्रिय समुदाय पनि मानव अधिकार संरक्षणलाई मानक मानेर ध्रुविकृत हुन्थे । अहिले प्रजातान्त्रिक भनिने मुलुकहरूका संविधान र कानूनहरूले शास्त्रीय स्तरको जनताका हकहरूको पुरा ग्यारेन्टी त गरेको छ । तर, सरकारहरूले रूप र तरिका बदलेका छन् ।

हिजो जहाँ मानव अधिकारका व्यापक बिषयहरू नागरिकका निजी मतसँग सम्बन्धित थियो-आज राज्यले स्वीकारेको आस्थाहरूले त्यस मूल्यलाई समाप्त पारेको छ । पाकिस्तानमा अल्पसंख्यक हिन्दूहरू, भारतमा मुसलमानहरू, इजरायलमा अरबहरू, टर्कीमा क्रिस्तानहरूका मानव अधिकारमा वैयक्तिक सवालहरू राज्यको समग्र आस्थाका कारणले गौण भएको छ । अमेरिकामा 'अमेरिकन मात्र' को सोंच यसैको निरन्तरता हो ।

राज्यको आस्था भनेको धर्म, जाति र बहुसंख्यक नागरिकको थलो र मूलसँग सम्बन्धित भएको छ । यस्तो परिवेशमा राज्यले प्रवर्द्धन गरेको आस्थाहरूका कारणबाट अल्पसंख्यक समुदायहरू दमनमा परिरहेको हुन्छ । इजरायल र भारतसँगको मित्रता प्रविधिको व्यापारभन्दा पनि मुसलमान राष्ट्रहरूप्रति उनीहरूको समान सोंचबाट निर्धारित हुन थालेको छ । कुनै समय तुर्कसँग भारतको गहिरो सम्बन्धको झलक दिल्लीको एक मुख्य सडकको नामाकरण 'कमाल अतातुर्क' को नामबाट गरिनुले बुझिन्थ्यो । तर, अहिले भारत र तुर्कीको सम्बन्ध पुरै चिसिएको छ । इरानसँगका झैं । जबकि, भारत तुर्की र इरानसँग बैमनस्य राख्ने अमेरिकासँग बढी नजिकिएको छ । यो आजको समयको परिदृश्य हो । यसको गहिरो प्रभाव मुलुकहरूभित्रको मानव अधिकारको स्थितिमा परेको छ ।



*नेपालमा अझै खतरनाक रूपमा विदेशी शक्तिको लगानी कर्पोरेट मिडियामा प्रवेश गरेको छ । हाल नेपालमा मिडियाद्वारा पोषित एवं प्रवर्द्धित कतिपय एजेण्डाहरू यसैका प्रारम्भिक लक्षणहरू हुन् ।*

यसरी आज सरकारहरू दमनका प्रत्यक्ष कर्ता देखिनन् । सरकार स्वयं दमनका पात्र बन्दैन । अदालतहरूले सरकारबाट अल्पसंख्यक समुदायको मानव अधिकार उल्लंघन गरिएको प्रमाण पाउँदैन । जब कि सरकारहरूले बडो चालाखीका साथ कर्पोरेट घरानाहरूलाई हातमा लिन्छ र यिनको माध्यमबाट आम मानिसहरूको धारणा वा अभिमत निर्माणको प्रारम्भ भनौं वा जरो मै नियन्त्रण गरिन्छ । त्यो जरो हो दिमाग वा मत निर्माणको विधि वा तरिका । यसको आधारभूत माध्यम प्रेस वा संचार क्षेत्र भएको छ । आज सरकार पोषित र प्रबर्द्धित कर्पोरेटको पुरै नियन्त्रणमा प्रेस गै सकेको छ । यस विधिबाट सरकार नियन्त्रणकर्ताको रूपमा कतै देखिन्न् । आम नागरिकलाई सुसूचित गर्ने उपक्रमको रूपमा स्वयं संचार माध्यमहरू नै अगाडी सरेको हुन्छ, जो सरकारको स्वार्थको रक्षा गर्छ ।

यो तानाशाही शासनको भन्दा पनि खतरनाक छ, किन की यसले मानव अधिकारलाई बिषयगत रूपमा भन्दा पनि समग्रतामा नियन्त्रण गर्दछ, सोंच निर्माणको प्रकृयालाई नै नियन्त्रित गर्दछ । अमेरिकामा अपवादको रूपमा 'सिएनएन'ले ट्रम्पको यो मनशायलाई बुझे । फलतः ट्रम्प र सिएनएनको लडाई रह्यो ।

भारतमा मोदीले र बिजेपीले हिन्दूत्वको नाममा पुरै देशको एकल सामुदायिक सोंच निर्माणको कार्यभार बोकेको छ । यसले गर्दा त्यहाँ अल्पसंख्यक समुदायहरूको मानव अधिकार हननको सवाल बृहद् जनधारणाको आवरणमा क्षम्य भएको छ । आज भारतमा ५/६ वटा औद्योगिक घरानाको नियन्त्रणमा २७ वटा प्रभावशाली टिभी च्यानलहरू चलिरहेको छ । जसले सरकारको पक्षमा जनताको सोंच बनाउँदछ । यो अदालत र मानव अधिकारको मापनबाट मुक्त छ । नेपालमा अझ् खतरनाक रूपमा विदेशी शक्तिको लगानी कर्पोरेट मिडियोमा प्रवेश गरेको छ । हाल नेपालमा मिडियाद्वारा पोषित एवं प्रवर्द्धित कतिपय एजेण्डाहरू यसैका प्रारम्भिक लक्षणहरू हुन् ।

*-मधेश वाणीबाट*

# पुनर्निर्माणको अन्तिम चरणमा सिलु महादेव मन्दिर



**दिपेन्द्र श्रेष्ठ, मध्यान्ह**
भक्तपुर, ३० कात्तिक

भक्तपुर दरबार क्षेत्रमा रहेको फसीं देग वि.स २०७२ सालको भूकम्पले क्षतविक्षत हुनपुग्यो । अग्लो मन्दिर भएको कारण भूकम्पले धेरै क्षती पुर्‍यायो । सो फसीं देग मन्दिरको पुनर्निर्माणको काम अहिले अन्तिम चरणमा पुगेको छ । जसलाई सिलु महादेव पनि भन्ने गरिन्छ ।

यो भक्तपुर दरबार क्षेत्रको इतिहाससँग जोडिएको सयौं वर्ष पुरानो पुरातात्विक मन्दिर हो । यो मन्दिर १९९० सालको भूकम्पले पनि भत्काएको थियो । पछि पुनर्निर्माण गरिएको हो ।

पुरातत्व विभाग स्मारक संरक्षण तथा दरबार हेरचाह अड्डाका कार्यालय प्रमुख अरुणा नकर्मीका अनुसार वि.स २०७३ असार १४ गते मन्दिरको टेण्डर पास भएको थियो । काम शुरु भएदेखि कहिले ढुंगाको समस्या त कहिले ईंट्टाको समस्या गरी विभिन्न समस्याहरु झेल्दै यहाँसम्म आइपुगेको छ । बो सिंहको विवादमा तानिन पुगेको कारण फसीं देगको काम समयमै पूरा हुन सकेन । अहिले भने बो सिंहको स्थान सुरक्षित राखेर मन्दिर पुनर्निर्माणको काम अन्तिम चरणमा पुगेको छ ।

फसीं देगको मन्दिर गजुरसहित ६२ फिटको अग्लो छ । त्यसमा तामाको गजुरमा नम्बरी सुनको लेपन गरिएको छ । मन्दिरको तल्लो चकटीभाग २५ फिट अग्लो भएको प्रमुख नकर्मीले बताउँछिन् । भूकम्पले भत्किएको मन्दिर यसअघि १९९० साल भन्दा पछाडी ४५ फिट उचाईको थियो । पहिलाको भन्दा अहिले १७ फिट अग्लो हुनेछ । पाँचवटा गजुरको काम मात्र बाँकी रहेको थियो तर अहिले त्यो काम पनि सकिसकेको छ । चार दिशामा राखिने बो सिंह दुई दिशामा राखिसकेको छ भने दुई दिशामा राख्न बाँकी रहेको प्रमुख नकर्मीले बताइन् । अहिले गजुरको काम सकिसकेकोले केहि महिनामा नै सम्पन्न हुने उनको भनाइ छ ।

**के हो बो सिंह ?**

बो सिंह नेपाली भाषामा उडेको सिंह हो । यसको प्रयोग प्रायः मठमन्दिर र गुम्बातिर गरिन्छ ।

**बो सिंह को विवाद ?**

पुरानो संरचना अनुसार त्यहाँ चारवटा बो सिंह रहेको थियो । १९९० सालको भूकम्प पश्चात फसीं देगको दुई वटा बो सिंह भक्तपुर नगरपालिका वडा नं ७ गोल्मढीमा ढुंगेधारामा प्रयोग गरी संरक्षण गरिएको थियो ।

१९९० सालपछि मन्दिर पुनर्निर्माणको समयमा दुईवटा मात्र बो सिंह राखेर बनाइएको थियो । पछिल्लो पटक पुनर्निर्माणमा सम्पदा पुरानै शैलीमा बनाउने भएपछि त्यहिनै बो सिंह राख्नुपर्छ भनेर मन्दिरको काम करिब चार, पाँच महिना रोकिएको थियो । पछि सोहि विवाद पनि वडाध्यक्ष लगायतले पुरानो संरचनाको बो सिंह नदिएपछि मन्दिर पुनर्निर्माण लगभग पूरा हुनलागेको छ । प्रमुख नकर्मीले गोल्मढीले त्यहाँ रहेको दुईवटा बो सिंह दिन नमानेको बताइन् । उनले त्यो पुरातात्विक सम्पदा मन्दिरको भएकोले त्यहाँ भन्दा मन्दिरमै सुहाउने बताइन् । नकर्मी भन्छिन्, 'आखिर मन्दिरमै राखेपनि भक्तपुरमै रहने हो । कतै बाहिर जाने होइन् । त्यसकारणले टोलबासीले विवाद गर्नुपर्दैन ।'

विवाद नटुंगिने देखिएपछि भएका दुईवटा सिंह उत्तर र दक्षिण राखेर पूर्व र पश्चिम खालि राखेर मन्दिर पुनर्निर्माण भएको नकर्मीले बताइन् । मन्दिर पुरानो शैलीमा नै बनाएपछि सोहि स्थानमा रहेको पुराना सामान पनि पुरानो स्थानमा नै राख्नुपर्ने उनको भनाइ छ । नत्र त्यसको औचित्य नरहने प्रमुख नकर्मीले बताइन् । अहिले बो सिंह नयाँ बनाएर राख्ने भन्ने कुरा पनि आइरहेको उनको भनाइ छ ।

उनले नगरपालिकाले स्थानीयसँग सल्लाह गरेर गोल्मढीमा रहेको बो सिंह फसीं देगमा राख्न पहल गरिरहेको तर नगरपालिकाको कुरालाई वडाध्यक्ष र टोलवासीहरुले पहल नगरिदिएको भन्दै गुनासो गरिन् ।

भक्तपुर नगरपालिका ७ का वडाध्यक्ष उकेश कवां स्थानीय मानिसहरुको अवरोधका कारण पहल हुन नसकेको बताउँछन् । 'नगरपालिकाले पहिला राम्रोसँग पहल गरी नयाँ बनाएर टोलमा राखिदिएर पुरानो लाने सहमति गरेको भए मिल्न सक्थ्यो । त्यो पहल नगरेको कारण अहिले यो अवस्था आएको हो । यहाँ टोलवासी पनि विभाजित छन् । कोहि यहि बो सिंह दिएर पठाउने पक्षमा छन् । कोहि नदिने पक्षमा छन्' उनले भने ।

मन्दिर पुनर्निर्माणको कुल लागत ४ करोड ८८ लाख ७६ हजार ८ सय ५१ रुपैयाँ रहेको छ । भूकम्पअघिकै शैलीमा निर्माणका लागि टेण्डर भइसकेपनि भक्तपुर नगरपालिकाले त्यो शैलीमा नभई १९९० साल अघिकै शैलीमा संरचना गर्नुपर्ने भन्दै विरोध जनाएको थियो । त्यसपछि पुरानो शैलीमा बनाउनको लागि फोटोको भरमा डिजाइन बनाउन र नक्सा बनाउन एक वर्ष लागेको नकर्मी बताउँछिन् । त्यसपछि ढुंगाको कलात्मक थामहरु बनाउनको लागि ढुंगा खोज्नको लागि मात्र केहि समय लाग्यो । ढुंगामा बुट्टा कोर्ने कालीगढको पनि त्यस्तै समस्या भएकोले केहि वर्ष यसैमा अलमल भएको थियो । 'मन्दिर निर्माण सजिलो काम होइन् । त्यो पनि पुरानो शैलीमा निर्माण गर्नुपर्ने भएकोले यसको लागि चाहिने टेराकोटा बनाउन, ईंट्टाले गर्दा पनि काम ढिलो भएको हो' प्रमुख नकर्मीले भनिन् ।

यसको लागि छुट्टै खालको ईंट्टा बनाउनुपर्ने र त्यो पनि मेसिनबाट नभइ हातबाट नै बनाउनपर्ने भएकोले केही केही समय काम रोकिएकोले ढिला हुँदै गएको उनको भनाइ छ ।

**फसीं देग (शिलु महादेव) को इतिहास**

फसीं देग शिलु महादेवको मन्दिर वि.सं १९९० सालको भूकम्पमा ध्वस्त भएको थियो । त्यसपछि यसलाई फर्सीजस्तो डल्लो शैलीमा बनाइएपछि नेवारी भाषामा 'फसीं देग' भन्न थालिएको बुढापाकाहरु बताउँछन् । मन्दिरको पेटीमा पाँचमध्ये तीन तहमा जोर जनावर छन् । सबभन्दा तल हात्ती, त्यसको माथि दोस्रो तहमा सिंह र सोभन्दा माथि साँढे राखिएका छन् । यो ग्रन्थकुट शैलीको मन्दिर हो । शिखर शैलीको अग्लो मन्दिरलाई ग्रन्थकुट शैली भनिन्छ । मन्दिरको मौलिक स्वरुप १९९० सालअघि नै परिवर्तन भएको पाइन्छ । १९९० सालपछि पनि दुई स्वरुपमा मन्दिर बनेको देखिन्छ ।

१९९० सालमा भूकम्पले मन्दिर भत्काएपछि चारै भित्ताका रहेका उड्ने सिंहलाई बेवास्ता गरी चार सिंहमध्ये दुईवटालाई भक्तपुर दरबार परिसरमा रहेको भक्तपुर नगरपालिकाको पुरानो भवनको मूल ढोकाको दायाँ-बायाँ राखिएको छ भने बाँकी दुई वटालाई गोल्मढी टोलको ग हिटी (ढुंगेधारा) मा राखिएको छ । त्यहाँ अहिले पनि रहेको छ ।


## UAE मा PSBD Security Guard हरुलाई रोजगार

कम्पनी : EMIRATES SECURITY SERVICES LLC शहर : ABU DHABI

पूर्व स्वीकृत मिति: २०७८/०७/३० चलानी नं.: ६०१६७७५८ LT. No.: 250755

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 60 | 0 | स. काममा दक्ष | 2000 | ६४,७४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्तीमा SLC पास भई English भाषा राम्रोसँग लेख्न, बोल्न र पढ्न सक्ने हुनुपर्नेछ । उमेर २२ बर्ष देखि ३८ बर्ष ननाघेको र उचाई ५ फिट ७ ईन्च वा सो भन्दा माथि हुनुपर्नेछ । Civil, Ex-Army, Ex-Police मा कम्तीमा २ वर्षको अनुभव भएकाहरूलाई विशेष ग्राह्यता दिइनेछ ।

Basic Salary AED 2000 भएता पनि OT Allowance सहित AED 2770 हुनेछ ।

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर ८ गते (24 November 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**आयुष इन्टरनेशनल ओभरसिज सर्भिसेज प्रा. लि.**
श्रम इजाजत नं. ६८८/०६३/०६४
पो.ब.नं. १०३०४, का. म. न. पा.-०३, बाँसबारी, काठमाडौं, फोन: ४३७९०४७, ४३७९०९१
मो.: ९८५१०५८९१३, ९८५१०२३७४५, ९८४६३२५१८७, ९८०१२८०८२२, ९८०१२८०८२३ फ्याक्स: ४३७९०९१, Email: ayushintl007@gmail.com

## कुवेतमा रोजगार

कम्पनी: OIL & RIG FOR OIL WORKS CO. W.L.L. शहर: Capital Governorate

पूर्व स्वीकृत मिति: २०७८/०७/३० चलानी नं.: ६०१६७६९७ L.T. No.: 248702

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners | 100 | 0 | स. काममा दक्ष | 90 | ३५,३९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालयमा २०७८ मंसिर ८ गते (24 November 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Destiny Human Resource Nepal Pvt. Ltd.**
DHR Gov. lic. No. 789/065/66
G.P.O. Box: 8975 EPC 5444, Kathmandu, Nepal
Tel.: 01-5104632/01-5104634, Fax : 4111890

## कतार र साउदीमा रोजगार

१. कम्पनी: KAWAKEB AL DOHA TRADING AND DECORE शहर: DOHA

पूर्व स्वीकृत मिति: २०७८/०७/२९ चलानी नं.: ६०१६७७१७ LT. No.: 249843

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३२,६५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Salesman | 2 | 0 | | 1300 | ४२,४४५ | | | | | | | |

२. कम्पनी: AL TALA CLOTHES WASHING EST शहर: SAUDI

पूर्व स्वीकृत मिति: २०७८/०७/२९ चलानी नं.: ६०१६७७१५ LT. No.: 249844

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Laundry Worker | 2 | 0 | स. काममा दक्ष | 1200 | ३८,०८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर ८ गते (24 November 2021) मा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**फ्यूचर माईन्डस् प्रा. लि.**
श्रम ईजाजत नं. १०२८/०६८/०६९
एयरपोर्ट, सिनामंगल, काठमाडौं, फोन : ४१११०४४, फ्याक्स : ४१११०४४
E-mail : info@futureminds.com.np, futuremindshr@gmail.com, www.futureminds.com.np

## साउदीमा रोजगार

१. कम्पनी : POLY ALWAN PLASTIC FACTORY A BRANCH OF ROYA CHEMICAL INDUSTRY COMPANY. शहर: SAUDI

पुर्व स्वीकृत मिति: २०७८/०७/२९ चलानी नं.: ६०१६७६७७ LT. No.: 250524

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Forklift Driver | 1 | 0 | स. काममा दक्ष | 2500 | ७९,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : MOHAMMED ALI AL MATAR GENERAL CONTRACTING EST. शहर: SAUDI

पुर्व स्वीकृत मिति: २०७८/०७/२९ चलानी नं.: ६०१६७६१३ LT. No.: 250521

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Plumber | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ४७,५५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | General Electric Electronic Installation | 1 | 0 | | 1500 | ४७,५५० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर ८ गते (24 November 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**अरनिको ओभरसिज प्रा. लि.**
श्रम इजाजत नं. २६७/०५८/०५९
पो.ब.नं. ८९७५, इपिसि: २५१६, कुपण्डोल, ललितपुर, नेपाल, फोन: ५५५५३६५, ५०१०६५७, ५०१०६५८
फ्याक्स: ५५५५३६६, Email: aranikooverseas@gmail.com, Website: www.aranikooverseas.com


## कुम्मायक गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
यासोक, पाँचथर
१ नं. प्रदेश, नेपाल

**तमोर नदिस्थित जयरामघाट क्षेत्रबाट ढुङ्गा, गिटी, बालुवा, ग्राभेल संकलन तथा विक्री सम्बन्धी सिलबन्दि दरभाउपत्र आव्हानको सूचना !!**

**प्रथम पटक प्रकाशित मिति: २०७८।०८।०१**

कुम्मायक गाउँपालिकाको कार्यालय, यासोक पाँचथरले आ.व. २०७८/०७९ को लागि तोकिए बमोजिमको आन्तरिक आय संकलन (ढुंगा, गिट्टी, बालुवा, रोडा, ग्राभेल आदिको विक्री कर) ठेक्का वन्दोवस्ता गर्नु पर्ने भएकाले सो सम्बन्धी शिलवन्दी दरभाउपत्र आव्हानको विस्तृत सूचना यस कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ । साथै यस कार्यालयको वेवसाइट www.kummayakmun.gov.np मा विस्तृत सूचना हेर्न सकिनेछ । प्रचलित नेपालको कानुन वमोजिम इच्छुक योग्य ठेकेदार, फर्म वा कम्पनीबाट यो सूचना पहिलो पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र आवश्यक कागजात सहित तोकिएको समय अवधिमा कार्यालयबाट फर्म खरिद गर्नु हुन सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**प्रमुख प्रशासकीय अधिकृत**


## साउदीमा रोजगार

कम्पनी: DEVELOPMENT EDIFICE CONTRACTING EST. शहर: KSA

पूर्व स्वीकृत मिति: २०७८/०७/२९ चलानी नं.: ६०१६७६७२ L.T. No.: 250489

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Factor | 2 | 0 | स. काममा दक्ष | 1000 | ३१,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौमा २०७८ मंसिर ८ गते (24 November 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**एड्भेन्चर ह्युमन रिसोर्स प्रा. लि.**
श्रम ईजाजत पत्र नं. ७४५/०६४/०६५
ठेगाना: सितापाईला, काठमाडौं, नेपाल । फोन नं: ०१-५३८२५९०

## UAE र QATAR मा रोजगार

१. कम्पनी : AL REMAIHI INTERIOR DECORATION WORKS LLC शहर : DUBAI

पूर्व स्वीकृत मिति: २०७८/०७/३० चलानी नं.: ६०१६७७२५ LT. No.: 250812

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gypsum Finishing Carpenter | 3 | 0 | स. काममा दक्ष | 1200 | ३८,८४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : Al Mujtahdoon For Trading शहर : DOHA

पूर्व स्वीकृत मिति: २०७८/०७/३० चलानी नं.: ६०१६७७२६ LT. No.: 250467

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 27 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३२,६५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Packing Worker | 20 | 0 | | 1000 | ३२,६५० | | | | | | | |
| 3. | Public Administrative | 5 | 0 | | 2500 | ८१,६२५ | | | | | | | |
| 4. | Marketing Represent | 2 | 0 | | 2500 | ८१,६२५ | | | | | | | |
| 5. | Driver | 1 | 0 | | 1700 | ५५,५०५ | | | | | | | |
| 6. | Truck Driver | 1 | 0 | | 2000 | ६५,३०० | | | | | | | |
| 7. | Marketing | 0 | 1 | | 2500 | ८१,६२५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालयमा २०७८ मंसिर ८ गते (24 November 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Almighty International Manpower Services Pvt.ltd.**
Govt. Lic. No. 1440/074/075
Tokha-10, Kathmandu, Tel.: 01-4364026,01-4386170,
EMAIL: almightynepal@gmail.com, info@aimsrecruitment.com
website: www.aimsrecruitment.com

## UAE मा PSBD SECURITY GUARD हरुलाई रोजगार

कम्पनी : SKILL FORCE SECURITY SERVICES LLC

पूर्व स्वीकृती मिति: २०७८/०७/३० चलानी नं. ६०१६७७७१ LT No. : 250859

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्न सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Security Guard | 100 | 20 | काममा दक्ष | 2000 | ६४,०६२।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | | २ बर्ष |

SLC पास, उचाई: पुरुष ५ फिट ७ ईन्च र महिला ५ फिट भन्दा माथि भएको हुनुपर्नेछ ।

Basic Salary AED 2000 भएता पनि अनिवार्य OT सहित AED 2770 हुनेछ ।

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा वीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैंले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००।- कामदार आफैंले | रु. ७००।- कामदार आफैंले | नि:शुल्क |

अन्तरवार्ता २०७८ मंसिर ११ र १२ गते (27 & 28 Nov. 2021) यस प्रा. लि. कार्यालय सिनामंगल काठमाडौमा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

**अल जराफा ह्यूमन रिसोर्स कन्सल्टेन्ट प्रा. लि.**
श्रम ईजाजत नं.: १५८/०६७/०६८
सिनामंगल, (NIC Asia Bank संगै), काठमाडौं, फोन: ०१-४५९८१६२, ४५९३८७८, ९८१८५१०५३३, पोखरा : ९८५६०४५६७९, चितवन : ९८१९२२१८५५, ईटहरी : ९८५२०४६४९७

## UAE मा बैदेशिक रोजगारको अवसर

कम्पनी: BARARI NATURAL RESOURCES शहर: UAE

पूर्व स्वीकृत मिति: २०७८/०७/३० चलानी नं.: ६०१६७७३९ LT. No.: 250858

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Forestry Worker | 100 | 0 | स. काममा दक्ष | 800 | २५,८९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामामा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Intermanagement Manpower Services Pvt. Ltd.**

Gongabu-4, Kathmandu, Nepal, Tel: +977-1-4364208, Fax: +977-1-4353465
E-mail: widehorizon@wlink.com.np | Website: www.widehorizon.com.np

Govt. Lic. No. 438/060/061

# नेपालको कीर्तिमानी जीत



**विनोद थापामगर/मध्यान्ह**
दोहा, ३० कात्तिक

नेपाली महिला राष्ट्रिय क्रिकेट टिमले कतारविरुद्धको पहिलो टी २० क्रिकेटमा कीर्तिमानी जित दर्ता गरेको छ। कतारविरुद्ध उसकै मैदानमा भएको खेलमा नेपाल ११९ रनको कीर्तिमानी जीत निकाल्न सफल भयो । नेपालले टी २० अन्तर्राष्ट्रियमा निकालेको यो नै सबैभन्दा फराकिलो जीत हो ।

यसअघि सन् २०१९ मा इन्डोनेसियाविरुद्ध नेपाल ९२ रनको फराकिलो अन्तरले विजयी भएको थियो ।

मंगलबार कतारको दोहामा टस हारेर ब्याटिङको निम्तो पाएको नेपालले २० ओभरमा चार विकेट गुमाउँदै एक सय ४६ रनको उत्कृष्ट पारि खेल्यो । नेपालको टी २० अन्तराष्ट्रियमा यो अहिलेसम्म कै उच्च योगफल पनि बन्यो । यसअघि नेपालले सन् २०१९ मा मलेसियाविरुद्ध एक सय २६ रन बनाएको थियो । जुन त्यो बेला नेपालको उच्च स्कोर थियो ।

नेपालका लागि इन्दु बर्माले अर्धशतकीय पारी खेलिन भने सिता रानामगरले ३९ रनको योगदान गरिन् । इन्दुले ५५ रन बनाइन् ।

इन्दु महिला टी २० क्रिकेटमा अर्धशतक बनाउने पहिलो नेपाली क्रिकेटर बनेकी छिन् । यसअघि सीता राना मगरले इन्डोनेसियाविरुद्ध बनाएको ४८ रनको उच्च स्कोर गरेकी थिइन् ।

नेपालले पहिलो पटक टी २० अन्तर्राष्ट्रिय सिरिज खेल्दा तेस्रो नम्बरमा ब्याटिङमा आएकी इन्दुले ४७ बलमा पाँच चौकाको मद्दतले ५५ रन बनाएकी हुन् । नेपालको स्कोर आठ रनमा एक विकेट हुँदा क्रिजमा आएकी इन्दुले सिता रानामगरसँग ८८ रनको उत्कृष्ट साझेदारी गरेकी थिइन् ।

ओपनर काजल श्रेष्ठ मात्र तीन रनमा आउट भइन् । दोस्रो विकेटका लागि सिता र इन्दुले उत्कृष्ट ८८ रनको साझेदारी गर्दै टिमको पारी सम्हालेका थिए ।

९६ रनमा दोस्रो विकेट गुमाएको नेपालकी कप्तान रुविना क्षेत्रीले खाता खोल्न नपाउँदै पेभेलियन फर्किएपछि नेपालले तेस्रो विकेट गुमायो । नेपालका लागि सिता मगरले २१ रनको योगदान गरिन । यस्तै कविता कुवँरले आठ रन जोडिन् । जवाफमा कतार ११ ओभर पाँच बलमा मात्र २७ रनमा अलआउट भयो । कतारका कुनैपनि खेलाडीले दोहोरो अंक जोड्न सकेनन् । उसका लागि खदिजा इम्तियाज र एंगिलिना मरीले आठ आठ रन बनाए भने केरीले सात रनको योगदान गरिन् । यस्तै रिज्फा बानोले तीन रन बनाउँदा उसका सात खेलाडीले खाता खोल्न सकेनन् ।

नेपालका लागि बलिङमा रुविना क्षेत्रीले तीन, कविता कुवँर र सिता रानामगरले दुई दुई विकेट लिए ।

# छानविन समिति गठन

**काठमाडौं, मस–** नेपाल क्रिकेट संघ क्यानले खेलाडीहरुले असन्तुष्टि जनाएको विषयमा छानविन समिति बनाएको छ । क्यानले गरेको खेलाडी वर्गिकरणमा असन्तुष्टि जनाएका खेलाडीहरुका विषयमा छानविन गर्नका लागि चार सदस्यीय छानविन समिति बनाएको हो ।

क्यानको मंगलबार बसेको भर्चुअल बैठकले गत मे महिनामा सार्वजनिक गरेको नयाँ वर्गिकरण चित्त बुझ्दो नभएको भन्दै कप्तान ज्ञानेन्द्र मल्ल, उपकप्तान दीपेन्द्रसिंह ऐरी, सोमपाल कामी र कमलसिंह ऐरीले असन्तुष्टि जनाएका थिए । जसका कारण यी चार खेलाडीले अहिलेसम्म वर्गिकरण सम्झौता पत्रमा हस्ताक्षर गरेका छैनन् । जसका कारण उनीहरुको आईसीसीले पारिश्रमिक निकासा गरे पनि बैंक खातामा जम्मा हुन सकेको छैन । क्यानका कार्यबहाक सचिव प्रशान्त विक्रम मल्ल संयोजक रहेको छानविन समितिमा पदम खड्का, धर्मराज गिरी, रौनक मल्ल र विनोद दास रहेका छन् । उनीहरुले खेलाडीहरुसँग लिखित स्पष्टिकरण सोध्ने जनाइएको छ । समितिलाई १० दिन भित्र प्रतिवेदन बुझाउन पनि भनिएको छ । क्यानको मंगलबार बसेको बैठकले यसअघि क्रियाशील रहेको अनुशासन समिति खारेज गरेको छ । शैलेश कर्माचार्यको संयोजकत्वमा रहेको छानिव समिति खारेज गरेको हो ।

क्यानले नेपाली राष्ट्रिय पुरुष क्रिकेट टिमका मुख्य प्रशिक्षक डिसेम्बर १ तारिख भित्र चयन गरिसक्ने निर्णय पनि गरेको छ । यसैगरी जनवरीमा तेस्रो साता नेपालमा त्रिकोणात्मक टी २० सिरिज आयोजना गर्ने निर्णय गर्दै डिसेम्बर पहिलो साता खेलाडीहरुको बन्द प्रशिक्षण शुरु गर्ने निर्णय पनि गरिएको क्यानले जारी गरेको विज्ञप्तिमा जनाइएको छ ।

# ए डिभिजन लिगका दुई चरण दशरथ रंगशालामा

**काठमाडौं, मस–** शहीद स्मारक ए डिभिजन लिग फुटबलको खेलस्थल संशोधन गरिएको छ । यसअघि लिगका खेलहरु त्रिपुरेश्वरस्थित दशरथ रंगशाला र अन्य मैदानमा पनि सञ्चालन गर्ने तयारी गरिएको थियो । मंसिर ३ गतेदेखि शुरुहुने लिगका पहिलो र दोस्रो चरणका खेलहरु दशरथ रंगशालामा मात्रै हुने छन् ।

यस अघि एन्फाले आयोजना गरेको टाई सिट ड्र सार्वजनिक कार्यक्रमबाट खेल दशरथ रंगशाला र एन्फा मैदान सातदोबाटोमा हुने जनाएको थियो ।

३ गते हुने उद्घाटन खेलमा फ्रेन्ड्स क्लब र सातदोबाटो युथ क्लबबीच प्रतिस्पर्धा हुनेछ । दशरथ रंगशालामा हुने उद्घाटन खेल फ्लड लाइटमा खेलाईने छ । उक्त खेल अपरान्ह पौने ५ बजे शुरुहुने छ । दोस्रो दिनबाट हरेक दिन दुई खेलहरु हुने छन । पहिलो खेल १ बजे हुनेछ भने दोस्रो खेल पौने ५ बजेदेखि शुरुहुने छ । कुल १४ टोलीले सहभागिता जनाएको प्रतियोगितामा ९१ खेल हुनेछन् ।


## साउदीमा रोजगारको अवसर | कम्पनी: MAZEN FAST FOOD शहर: RIYADH

पूर्व स्वीकृत मितिः २०७८/०७/३० चलानी नं.: ६०१६७७८७ L.T. No.: 249860

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Worker | 1 | 0 | स. काममा दक्ष | 1200 | ३८,०४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर ८ गते (24 November 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Govt. Lic. No. 1286/074/075
**FISHTAIL OVERSEAS PVT. LTD.**
PO Box No: 947, Samakhusi :-29, Gangabu, Kathmandu, Nepal
Tel : 01-4386382, 01-4389757, E-mail : fishtailoverseas508@gmail.com



## UAE मा वैदेशिक रोजगारको अवसर

कम्पनी : S N G EMPLOYMENT SERVICES L.L.C. शहर: UAE
पूर्व स्वीकृत मितिः २०७८/०७/२९ चलानी नं.: ६०१६७६७१ LT. No.: 250688

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | CLEANER MALE | 50 | 0 | सम्बन्धित काममा दक्ष | 900 | २९,१३३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | CLEANER FEMALE | 0 | 50 | | 1200 | ३८,८४४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर ८ गते (24 November 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

TOPJOBS INT'L EMPLOYMENT SERVICES PVT. LTD.
श्रम इजाजत नं. १२५६/०७४/०७५
**Top Jobs Int'l Employment Services Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Tel.: 014375824, 014375822, 9841781155 / 9801100280



## कतारमा रोजगारको अवसर | १. कम्पनी: NATURAL ROCK STONE W.L.L शहर: QATAR

पूर्व स्वीकृत मितिः २०७८/०६/१५ चलानी नं.: ६०१६४५९६ LT. No.: 247046 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | tile maker | 4 | 0 | स. काममा दक्ष | 1500 | ४८,९७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनी: MATNAFLEX शहर: Doha
पूर्व स्वीकृत मितिः २०७८/०४/०१ चलानी नं.: ६०१६०२२९ LT. No.: 242529 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Furnit Wood Worker | 7 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ३५,९१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Labourer | 3 | 0 | | 1000 | ३२,६५० | | | | | | | |
| 3. | Carpenter | 1 | 0 | | 1100 | ३५,९१५ | | | | | | | |

३. कम्पनी: GOLDEN LINE FACTORY शहर: DOHA
पूर्व स्वीकृत मितिः २०७८/०६/०६ चलानी नं.: ६०१६३५३८ LT. No.: 246168 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३२,६५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Carpenter | 1 | 0 | | 1200 | ३९,१८० | | | | | | | |
| 3. | Furnit Wood Worker | 7 | 0 | | 1200 | ३९,१८० | | | | | | | |

४. कम्पनी: AL YOUSUF CONSTRUCTION WLL शहर: DOHA
पूर्व स्वीकृत मितिः २०७८/०६/१९ चलानी नं.: ६०१६४८२७ LT. No.: 247605 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 24 | 0 | स. काममा दक्ष | 1200 | ३९,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

५. कम्पनी: RAHA FOR TRADING CONTRACTING शहर: Doha
पूर्व स्वीकृत मितिः २०७८/०४/०७ चलानी नं.: ६०१६०४५१ LT. No.: 242925 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 21 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३२,६५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Driver | 4 | 0 | | 1500 | ४८,९७५ | | | | | | | |
| 3. | Tile Maker | 10 | 0 | | 1200 | ३९,१८० | | | | | | | |
| 4. | Mason | 10 | 0 | | 1200 | ३९,१८० | | | | | | | |
| 5. | Brick Mason | 10 | 0 | | 1200 | ३९,१८० | | | | | | | |

६. कम्पनी: CRYSTAL SERVICE CAR CENTER शहर: QATAR
पुर्व स्वीकृत मितिः २०७६/१०/१४ चलानी नं.: ६०१५०७११ LT. No.: 231908 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 3 | 0 | सम्बन्धित काममा दक्ष | 900 | २९,३८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Chassis Welderc | 2 | 0 | | 1100 | ३५,९१५ | | | | | | | |

७. कम्पनी: MAINTENANCE AND MANAGEMENT SOLUTIONS शहर: QATAR
पूर्व स्वीकृत मितिः २०७८/०७/३० चलानी नं.: ६०१६७७७५ LT. No.: 250497

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gen Clean Worker | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1300 | ४२,४४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | BLACKSMITH | 5 | 0 | | 1300 | ४२,४४५ | | | | | | | |
| 3. | PAINTER | 5 | 0 | | 1500 | ४८,९७५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर ८ गते (24 November 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.नं. ६को रु.१०,०००/- अन्यको निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Mobhira Recruitment** Consultancy services (P.) Ltd.
श्रम इजाजत नं. १४६९/०७४/०७५
बुढानिलकण्ठ-६, हात्तिगौडा, चक्रपथ, काठमाडौं, नेपाल, फोन: ०१-४३७८८४२, ४३७८९३६,
Email: manager@mobhiraservices.com, Web: www.mobhiraservices.com



## बैदेशिक रोजगार

1. Al Turath Al Memari Maintenance & Construction, Qatar
पूर्व स्वीकृती मितिः २०७८/०७/३० चलानी नं.: ६०१६७७३४ LT.No.: 250453

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब QR. | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Assistant | 02 | काममा दक्ष | 1200 | ३९,३९२।- | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| २. | Driver | 01 | | 1500 | ४९,२४०।- | | | | | | | |
| ३. | Technician | 01 | | 1200 | ३९,३९२।- | | | | | | | |

2. Establishment of Spring Stores for Wholesale & Retail Trade, Saudi Arabia
पूर्व स्वीकृती मितिः २०७८/०७/३० चलानी नं. ६०१६७७३५ LT No.: 250635

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factor | 2 | साधारण | 1200 | ३७,६३६।- | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | छ | २ वर्ष |

३. कम्पनी: Brando Media शहर: Qatar
पूर्व स्वीकृत मितिः २०७८/०४/०५ चलानी नं.: ६०१६०४२१ L.T. No.: 242335 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gen Clean Worker | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३२,६५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Technician | 1 | 0 | | 1200 | ३९,१८० | | | | | | | |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००।- कामदार आफैले | रु. ७००।- कामदार आफैले | निःशुल्क |

अन्तरवार्ता २०७८ मंसीर ८ गते (Nov. 24, 2021) यस प्रा. लि. को कार्यालय मित्रपार्क, चावहिलमा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

Govt. Lic: 548/062/63
**Euro-Asia Employment Service Pvt. Ltd.**
Mitrapark-7, Chabahil, Kathmandu, Tel : 01-4494197



## UAE मा रोजगार | १. कम्पनी : YR TECH CONSTRUCTION SERVICES L.L.C शहर : UAE

पूर्व स्वीकृत मितिः २०७८/०७/३० चलानी नं.: ६०१६७७८३ LT. No.: 250789

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Painter | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३८,८४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Building Painter Assistant | 1 | 0 | | 1200 | ३८,८४४ | | | | | | | |
| 3. | Stone Mason Assistant | 1 | 0 | | 1200 | ३८,८४४ | | | | | | | |

२. कम्पनी : BABTECH REINFORCING ELECTROMECHANICAL WORKS L.L.C. शहर : UAE
पूर्व स्वीकृत मितिः २०७८/०७/३० चलानी नं.: ६०१६७७८२ LT. No.: 250790

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३८,८४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Building Painter | 2 | 0 | | 1200 | ३८,८४४ | | | | | | | |
| 3. | SCAFFOLDER | 1 | 0 | | 1200 | ३८,८४४ | | | | | | | |
| 4. | Brick Mason | 1 | 0 | | 1200 | ३८,८४४ | | | | | | | |
| 5. | Stone Mason | 1 | 0 | | 1200 | ३८,८४४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर ८ गते (24 November 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

ईजाजत नं.: ४०७/०६०/०६१
**Seagull International Global H.R. Consultants Pvt. Ltd.**
(Birad Associates Pvt. Ltd.)
Sukedhara-4, Kathmandu, Nepal, Tel : 4375822
Mob.: 014375824,9841781155,9851092188, E-mail: reception.seagull@gmail.com



## साउदीमा रोजगार | १. कम्पनी: AHMED FAWAD BAWZID EST शहर : RIYADH

पूर्व स्वीकृत मितिः २०७८/०७/३० चलानी नं.: ६०१६७७७३ LT. No.: 247535

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Worker | 15 | 0 | स. काममा दक्ष | 1000 | ३१,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनी: AL JOUF CEMENT COMPANY शहर : RIYADH
पूर्व स्वीकृत मितिः २०७८/०७/३० चलानी नं.: ६०१६७७७४ LT. No.: 248784

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३१,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

३. कम्पनी: AL YAMAMA TRADING AND CONTRACTING शहर : SAUDI
पूर्व स्वीकृत मितिः २०७८/०७/३० चलानी नं.: ६०१६७७७७ LT. No.: 250817

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Labor | 100 | 0 | स. काममा दक्ष | 1000 | ३१,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

४. कम्पनी: AL YAMAMA TRADING AND CONTRACTING शहर : SAUDI
पूर्व स्वीकृत मितिः २०७८/०७/३० चलानी नं.: ६०१६७७७८ LT. No.: 250819

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Driver | 100 | 0 | स. काममा दक्ष | 1800 | ५७,०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

५. कम्पनी: AL YAMAMA TRADING AND CONTRACTING शहर : SAUDI
पूर्व स्वीकृत मितिः २०७८/०७/३० चलानी नं.: ६०१६७७७९ LT. No.: 250818

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Equipment Operator | 50 | 0 | स. काममा दक्ष | 2000 | ६३,४०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

६. कम्पनी: FAHAD MADI JAMAAN AL MOJUL ARCHITECTURAL CONTRACTING COMPANY शहर : RIYADH
पूर्व स्वीकृत मितिः २०७८/०७/३० चलानी नं.: ६०१६७७७६ LT. No.: 249325

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 8 | 0 | सम्बन्धित काममा दक्ष | 1300 | ४१,२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Public Vehicle Driver | 4 | 0 | | 1800 | ५७,०६० | | | | | | | |

७. कम्पनी: MADAR HARDWARE COMPANY शहर : RIYADH
पूर्व स्वीकृत मितिः २०७८/०७/३० चलानी नं.: ६०१६७७७२ LT. No.: 250518

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Public Car Driver/Heavy Driver | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ५७,०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Labour | 6 | 0 | | 1200 | ३८,०४० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर ८ गते (24 November 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.नं. १ निःशुल्क अन्य रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Gov. Lic. No. 1329/074/75
**Al Shahid Overseas Pvt. Ltd.**
Banshidhar Marg-04,Chandol, Kathmandu, Nepal, Tel: 4414440, 4443434
E-mail: alshahidnepal@gmail.com, info@alshahidnepal.com, resumeshahid@gmail.com

गो.हु.का.द.नं. ३३/०६९/०७०





नाङ्लोको व्यापार । तनहुँको व्यास देउरालीनगरमा बिक्रीका लागि राखिएको नाङ्लो खरिद गर्दै सर्वसाधारण । तस्वीर : कृष्ण न्यौपाने/रासस

# पोखराका सात ठाउँमा 'सेभेन स्टेट फूड मार्ट'

**माधव पराजुली/मध्यान्ह**
पोखरा, ३० कात्तिक




पोखरामा बढ्दो आधुनिक जीवन शैलीलाई मध्यनजर गर्दै सबै स्तरका ग्रहकहरुको रुचीलाई समेट्ने गरी एकै पटक सातै ठाउँबाट रेष्टुरेण्ट संचालनमा अएको छ। 'सेभेन स्टेट फूड मार्ट' नामक रेष्टुरेण्ट हालै संचालनमा आएको हो ।

पोखराको प्रमुख पर्यटकीय क्षेत्र लेकसाइड, गैह्रापाटन, रत्नचोक, जिरोकिलोमिटर, प्रस्याङ, विन्ध्यवासिनी र नदिपुरमा 'सेभेन स्टेट'ले सेवा प्रवाह गरिरहेको छ । पानी पुरी र चटपट रेष्टुरेण्टको विशेषता रहेको संचालक मध्येका एक सन्तोष पराजुलीले मध्यान्हलाई बताए । नेपालमै पहिलो पटक मेसिन माध्यमबाट पानी पुरीको स्वाद ग्राहकले लिन पाउँछन् ।

करिब एक करोड लगानीमा संचालनमा आएको 'सेभेन स्टेट'मा पानी पुरी र चटपट बाहेक फास्टफुडका सम्पूर्ण परिकार उपलब्ध छन् । फुटपाथमा पाइने पानीपुरी उही मूल्यमा 'सेभेन स्टेट' रेष्टुरेण्टमा उपलब्ध छ ।

रेष्टुरेण्टले 'टेक वे' सेवा समेत उपलब्ध गराएको छ। ग्राहकलाई आवश्यक पर्ने फास्टफुड शीघ्र उपलब्ध गराउने ध्येयका साथ रेष्टुरेण्ट संचालन गरिएको अर्का संचालक कृष्ण सुवेदीले बताए ।

उनका अनुसार 'सेभेन स्टेट' रेष्टुरेण्टमा ४० जनाले रोजगार पाएका छन् । बिहानको कलेजको समय सकेर दिउँसो काम गर्ने गरी कर्मचारीलाई व्यवस्था मिलाइएको उनले बताए ।

सेभेन साइट' रेष्टुरेण्टलाई आगामी दिनमा अझै विस्तार गर्ने सोच सुवेदीको छ । हाल पोखरामा मात्र शाखा रहेको रेष्टुरेण्टलाई नेपालका अन्य शहरमा समेत संचालन गरिने लक्ष्य संचालकहरुले राखेका छन् । भीआईपी र मध्यम वर्गीय ग्रहकका साथै विद्यार्थीका लागि लक्षित गर्दै रेष्टुरेण्ट संचालन गरिएको र सस्तो र सुलभ दरमा फास्टफुडको परिकार उपलब्ध गराउने गरिएको पराजुलीले बताए ।

## अधोगतिमा अर्थतन्त्र

# शोधानान्तरको ओरालो यात्रा सुधारिएन रेमिट्यान्स

**सागर तिमल्सिना/मध्यान्ह**
काठमाडौं, ३० कात्तिक




चालु आर्थिक वर्ष २०७८/७९ वर्षको पहिलो त्रैमासमा अर्थतन्त्रका सूचकहरु नकरात्मक देखिएका छन् । मुलुकको अर्थतन्त्रका लागि महत्वपूर्ण रहेको रेमिट्यान्स आउने क्रममा लागेको ब्रेक पहिलो त्रैमासको अन्तिम महिना असोजमा पनि ओरालो नै लागेको छ । नेपाल राष्ट्र बैंकका अनुसार असोज महिनामा ७ दशमलव ६ प्रतिशतले रेमिट्यान्स कम भित्रिएको छ । हरेक वर्ष असोज महिनामा धेरै विदेशबाट रेमिट्यान्स आउने गरेको थियो। तर यस वर्ष मूख्य सिजन मानिने दशैंको बेला नै रेमिट्यान्स आप्रवाहमा कमी आएको हो। राष्ट्र बैंकका अनुसार चालु आर्थिक वर्षको तेस्रो महिनामा रेमिट्यान्स ७.६ प्रतिशतले कमी आइ २ खर्ब ३९ अर्ब ३२ करोड कायम भएको छ ।

अघिल्लो वर्षको पहिलो त्रैमासमा रेमिट्यान्स आप्रवाह १२.७ प्रतिशतले बढेको थियो। अमेरिकी डलरमा विप्रेषण आप्रवाह ७.७ प्रतिशतले कमी आई २ अर्ब २ करोड कायम भएको राष्ट्र बैंकले बताएको छ। अघिल्लो वर्ष यस्तो आप्रवाह ७.६ प्रतिशतले बढेको थियो। यो अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ र वैधानिकीकरण) लिने नेपालीको संख्या उल्लेख्य रुपमा वृद्धि भई ६६,३१६ पुगेको राष्ट्र बैंकले बताएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या ९६.८ प्रतिशतले घटेको थियो । राष्ट्र बैंकका अनुसार वैदेशिक रोजगारीका लागि पुनः श्रम स्वीकृति लिने नेपालीको संख्या समीक्षा अवधिमा उल्लेख्य रुपमा वृद्धि भई ३४,८२३ पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या ७८.६ प्रतिशतले घटेको थियो ।

रेमिट्यान्ससँगै चालु खाता रु.१५१ अर्ब ७० करोडले घाटामा रहेको छ । अघिल्लो वर्षको पहिलो त्रैमासमा चालु खाता ३३ अर्ब ३८ करोड रुपैयाँले बचतमा रहेको थियो । अमेरिकी डलरमा अघिल्लो वर्षको सोही अवधिमा २७ करोड ९९ लाखले बचतमा रहेको चालु खाता समीक्षा अवधिमा १ अर्ब २८ करोडले घाटामा रहेको छ । चालु आतामात्रै होइन चालु आर्थिक वर्षको पहिलो त्रैमासमा शोधनान्तर स्थिति पनि घाटामा रहेको छ । राष्ट्र बैंकका अनुसार असोज मसान्तसम्म ७६ अर्ब १४ करोड रुपैयाँले घाटामा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रु.१०१ अर्ब ९ करोडले बचतमा रहेको थियो । अमेरिकी डलरमा अघिल्लो वर्षको सोही अवधिमा ८५ करोड १० लाखले बचतमा रहेको शोधनान्तर स्थिति समीक्षा अवधिमा ६४ करोड ३१ लाखले घाटामा रहेको छ ।

एक मुलुकले अर्को मुलुकसँग मौद्रिक कारोबार गर्न सरकारसँग चालु, पुँजीगत र वित्तीय खाता रहेका हुन्छन् । मुलुकको चालु आय र व्ययको विवरण देखाउने खाता नै चालु खाता हो । यो खातामा वस्तु आयात/निर्यात, सेवा आयात/निर्यात, रेमिट्यान्ससहितका रकम ट्रान्सफर भएको रकमसहित मुलुकलाई प्राप्त आय र व्यय दुबैको हिसाव राखिन्छ । शोधनान्तर अवस्था चालु खाताभित्रकै एक पक्ष हो । चालु खाता घाटामा रहनु र शोधनान्तर स्थिति नकारात्मक रहनुबीच सम्बन्ध रहेको हुन्छ । आय बढ्दा चालु खाता नाफामा देखिन्छ । व्यव बढ्दा घाटामा देखिन्छ ।

# महालेखा नियन्त्रक कार्यालयले बुझायो प्रतिवेदन

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३० कात्तिक



आर्थिक वर्ष २०७७/७८ मा सरकारको राजश्व संकलन ८२ दशमलव ८१ प्रतिशत भएको छ । कुल राजश्वमध्ये करतर्फ रु ९ खर्ब १२ अर्ब९४ करोड ९० लाख र अन्य कर राजश्व रकम रु.१ खर्ब ५९ अर्ब ३३ करोड ७१ लाख गरी कुल रु. १० खर्ब ७२ अर्ब २८ करोड ६१ लाख राजश्व संकलन गर्ने लक्ष राखेकोमा कुल रु. ८ खर्ब ८८ अर्ब १ करोड ४२ लाख राजश्व संकलन भएको हो ।

मंगलवार महालेखा नियन्त्रकको कार्यालयले अर्थमन्त्री जनार्दन शर्मासमक्ष पेश गरेको आर्थिक वर्ष २०७७/७८ को आन्तरिक लेखा परीक्षण प्रतिवेदनमा सो कुरा उल्लेख गरिएको छ । प्रतिवेदनका अनुसार कुल विनियोजन रकम रु १४ खर्ब ७४ अर्ब ६४ करोड ५४ लाखको ८१ दशमलव १५ प्रतिशत रकम अर्थात ११ खर्ब ९६ अर्ब ६० करोड ३० लाख खर्च भएको छ ।

यस्तै आर्थिक वर्ष २०७७/७८ को कुल खर्चमा नेपाल सरकारको श्रोतबाट ८२ दशमलव ३२ प्रतिशत तथा कुल खर्चको १७ दशमलव ६८ प्रतिशत बैदेशिक स्रोतबाट व्यहोरिएको छ । उक्त बैदेशिक स्रोतमा अनुदानको हिस्सा ३ दशमलव ४ प्रतिशत र ऋणको हिस्सा १४ दशमलव ६४ प्रतिशत रहेको छ ।

आ.व.२०७७/७८ मा संघीय सरकारको संचीत कोषमा रु. १२ खर्ब ६७ अर्ब ४९ करोड ८८ लाख प्राप्ति र खर्च रु ११ खर्ब ६० अर्ब ३३ करोड ३३ लाख भुक्तानी भई चालु आ.व. कोष अवस्था रु. १ खर्ब ७ अर्ब १६ करोड ५४ लाखले धनात्मक रहेको छ । प्रतिवेदन ग्रहण गर्दै अर्थमन्त्री शर्माले प्रणालीगत सुधार गरी राजश्व संकलन र बेरुजु फछ्यौटमा देखिएका समस्या समाधान गर्नतर्फ सरकारको ध्यान गएको बताए । उनले विकास खर्च बढाउन संस्थागत सुदृढीकरणको साथै ऐन कानुनमा परिमार्जन गर्ने र दृढ इच्छाशक्तिका साथ काम गर्ने परिपाटीको विकास गर्नुपर्नेमा जोड दिनुभयो ।अर्थमन्त्रालयमा आयोजित एक कार्यक्रमका बिच महालेखा नियन्त्रक सुमनराज अर्यालले आ.व. २०७७/७८ को आन्तरिक लेखा परीक्षण प्रतिवेदन मन्त्रीसमक्ष पेश गरेका हुन् ।

# कोकाकोला र भाइबरबीच साझेदारी




**काठमाडौं/मस-** कोकाकोला नेपालले राकुटेन भाइबरसँगको सहकार्यमा कोक एण्ड मील्सको थिम अन्तर्गत कोकाकोला अगमेन्टेड रियालिटी (एआर) भाइबर लेन्स 'फूड र्याण्डमाइजर' लन्च गरेको छ । नेपालमा १ करोडभन्दा बढी भाइबर प्रयोगकर्ताहरूले सो फिल्टरको मजा लिनसक्ने कोकाकोलाले जनाएको छ ।

आफू र आफन्तका लागि कोक तथा खाना संयोजन गर्न सकिने फिल्टरमा कोक र मम, कोक र पिज्जा, कोक र चाउमिनजस्ता लोकप्रिय कोक र खानाका संयुक्त प्याकेज देखिनेछ । जेनेरेट भएको एउटा कोक एण्ड मील्सको कम्बोमा फिल्टर आएर रोकिएपछि प्रयोगकर्ताले लेन्सलाई सेभ गर्न र कम्बो किनिदिन अनुरोध गरी आफ्ना साथीहरू, कामका सहकर्मीहरू वा परिवारलाई सजिलै पठाउन सक्नेछन् ।

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
नुम्स कम्प्युटर्स प्रा.लि.
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८४१५६५७९५

# आरविवि मर्चेन्टको छैठौं साधारणसभा

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३० कात्तिक



राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको पूर्ण स्वामित्वमा संचालित सहायक कम्पनी आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेडको छैठौं वार्षिक साधारण सभा संचालक समितिका अध्यक्ष एवं राष्ट्रिय वाणिज्य बैंक लिमिटेडका नायब प्रमुख कार्यकारी कविराज अधिकारीको अध्यक्षतामा मंगलबार सम्पन्न भएको छ । साधारण सभाले आ.व. २०७७/०७८ मा १० प्रतिशत नगद लाभांश सहित वार्षिक प्रतिवेदन प्रस्ताब पारित गरेको छ ।

साधारण सभामा प्रमुख अतिथि एवं बैंकका प्रमुख कार्यकारी अधिकृत किरण कुमार श्रेष्ठले हाल शहरी क्षेत्रमा मात्र सिमित रहेको मर्चेन्ट बैकिङ्ग सेवालाई ग्रामिण क्षेत्रमा समेत विस्तार गर्ने दीर्घकालिन सोच अनुरुप आफ्नो कार्यक्षेत्र विस्तार गर्दै लैजाने र दुरदराजमा रहेका जनताहरुले पनि मर्चेन्ट बैकिङ्ग सेवा लिन सकिने वातावरण बनाउने बताएको छ। मर्चेन्ट बैंकिङ्गका प्रमुख कार्यकारी अधिकृत बद्रीप्रसाद प्याकुरेलले हाल २० करोड चुक्तापूंजी रहेको मर्चेन्ट बैंकिङ्गले इस्यु मेनेजमेन्ट, आरटिएस, पोर्टफोलियो मेनेजमेन्ट, अन्डरराइटिङ्ग, डिपोजेटरी पार्टिसिपेन्ट लगायतको सेवा दिई रहेको बताए ।

साधारण सभामा आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेडका संचालकहरु सरस्वती अधिकारी, देवेन्द्ररमण खनाल, पवन रेग्मी, केशब प्रसाद लम्साल, राजेन्द्रप्रसाद दाहाल, बैंकका उपकार्यकारी अधिकृतहरु देवेशप्रसाद लोहनी, शेयरधनिका तर्फबाट प्रतिनिधि एवं बैंकका विभागीय प्रमुख विनयरमण पौडेल, बैंकका कम्पनी सचिव भोलानाथ पौडेल, कम्पनी रजिष्ट्रार कार्यालयकी सहायक रजिष्ट्रार कल्पना कुमारी बर्तौला, बाह्य लेखापरीक्षक सिए सुजन सुवेदी, आन्तरीक लेखापरीक्षक सिए एकराज सिग्देल लगायत मर्चेन्ट बैंकिङ्गका कर्मचारीहरुको उपस्थिती रहेको थियो । साधारण सभालाई कम्पनी सचिव खगेन्द्र उप्रेतीले सहजीकरण गरेका थिए ।

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन) मुद्रकः रोशन अफसेट प्रेस, भक्तपुर, सम्पादकः **मदनकुमार श्रेष्ठ**